# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक बर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्या:०७५।०७६
च.नं. मिति: २०७५।१२।

श्री प्रमुखज्यू,
गोदावरी नगरपालिका,
कैलाली ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

यस कार्यालयबाट गोदावरी नगरपालिका कैलालीको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजात परीक्षण गरी लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.९ करोड ४५ लाख ११ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३ लाख ७१ हजार, नियमित गर्नुपर्ने रु.६ करोड २० लाख ९८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७८ लाख २६ हजार र पेश्की रु.२ करोड ४२ लाख १६ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।२९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजातको आधारमा फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना ३१ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# गोदावरी नगरपालिका
# अन्तिम लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ। नेपालको सुदुरपश्चिम प्रदेशको कैलाली जिल्लामा यो नगरपालिका अवस्थित रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च** | ४०५८७१९६३।४६ | |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | २२२८७०५९३।९६ | |
| | ख) बैंक | २२२६५४११।६० | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | २५६०२२०७।६७ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ४ | **लगानी** | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | | ऋण लगानी | | |
| | क)वित्तीय समानीकरण अनुदान | ३७२५०९००० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | १८३१८५८४४।९० | | | अन्य लगानी | | |
| | ग) सामाजिक सुरक्षा | १११८९४००० | | ५ | **धरौटी फिर्ता** | १६६०२७८।०० | |
| | घ) वित्तिय समानिकरण सर्शत | | | ६ | **कोष खर्च** | ५४८०५१०।०० | |
| | ङ) अन्य सर्शत | १७६३०९१४। | | ७ | **मौज्दात** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | | क) नगद मौज्दात | | |
| | क)वित्तीय समानीकरण अनुदान | | | | ख) बैंक मौज्दात | | |
| | ख) सशर्त अनुदान | | | | अ) संचीत कोष | ९६८४९४७२।७५ | |
| | ग) समपूरक अनुदान | | | | आ) बिषेश | ४७८९४२५।०० | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | इ) धरौटी | ४१४३०६७।१५ | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | | | |
| | क) ऋण प्राप्ति | | | | | | |
| | ख) साँवा प्राप्ति | | | | | | |
| | ग) ब्याज प्राप्ति | | | | | | |
| | घ) अन्य प्राप्ति | | | | | | |
| ६ | **विभिन्न कोषतर्फको आय** | ३०२८५००। | | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | | | | | |
| १० | **धरौटी आय** | ५५४९४३२।१५ | | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | | | |
| १२ | **अन्य विविध आय** | | | | | | |
| | **जम्मा** | ७४१६६५३१०।३२ | | | **जम्मा** | ७४१६६५३१०।३२ | |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| १. | **वजेट पेश गर्ने तथा पारित गर्ने** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ। आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । प्रथम नगरसभाको बैठक ढिला हुन गएकोले सो व्यहोरा कार्यान्वयन हुन नसकेको कार्यालयले जनाएको छ। | |
| २. | **आन्तरिक नियन्त्रण प्रणाली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथ प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने, आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको वातावरण, सुचनाको आदान प्रदान, अनुगमन तथा मूल्याङ्कन जस्ता बिषयलाई समेत समेट्नुपर्ने र आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन गर्नको लागि गाउँपालिका वा नगरपालिकाको अध्यक्ष वा प्रमुख वा जिल्ला समन्वय समिति प्रमुख आफैले वा जिम्मेवार अधिकारी तोकि अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष ऐन बमोजिम आन्तरिक नियन्त्रण प्रणालीको स्थापना गरेको, जोखिम क्षेत्र पहिचान र नियन्त्रणका उपाय सम्बन्धमा छलफल समेत गरेको देखिदैन। कार्यालयले भ्रमण अभिलेख खाता नराखेको, मूल्यवान सवारी साधन राख्न उचित प्रवन्ध नगरेको, नापि कितावमा चेनेज रहेको स्थान उल्लेख गरी चेनेजको लगत राख्ने व्यवस्था नगरेको, खर्चको विल भर्पाई सार्वजनिकीकरण नगरेको, अख्तियार र जिम्मेवारी किटान गरी कर्मचारीको कार्यविवरण तयार नगरेको, भ्रमणमा खटाउनुपर्दा आवश्यकता र भ्रमण अवधिको एकिन गरी आवश्यक मात्रामा मात्र भ्रमण खटाउनुपर्नेमा त्यस तर्फ पुर्ण ध्यान नदिएको, आवश्यकता अनुसार भन्दा बढि भाडामा घरहरु लिई जनप्रतिनिधि एवं कर्मचारीको आवासको रुपमा कार्यालयको भवनहरु प्रयोग भैरहेकोले थप व्ययभार परेको, विद्युतिय हाजिरीको प्रयोग नगरेको जस्ता व्यहोराहरु देखिएकोले कार्यालयले ऐनले तोकेको प्रावधान पुरा गरी आन्तरिक नियन्त्रण प्रणाली थप सुदृढ गर्नुपर्ने देखिन्छ। | |
| ३. | **योजना तर्जुमा र कार्यान्वयन** : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, बार्षिक, रणनीतिगत, विषयक्षेत्रगत मध्यकालिन तथा दीर्घकालिक योजना नेपाल सरकार र प्रदेश सरकारको निति, लक्ष्य, उद्देश्य, समयसिमा र प्रकृयासँग अनुकुल हुने गरी विभिन्न तोकिएका विषयलाई ध्यान दिई योजना बनाउनु पर्ने र योजना बनाउदा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमुलक र छिटो प्रतिफत प्राप्त गर्न सकिने, जनताको जिवनस्तर, आम्दानी र रोजगार दिने स्थानीय वासिन्दाहरुको सहभागिता जुट्ने, लागत कम लाग्ने, स्थानीय स्रोत, साधन र सिपको अधिकतम प्रयोग हुने दिगो विकास वातावरणिय संरक्षण तथा सम्बर्धन गर्न सघाउ पुऱ्याउने आदि विषयलाई समेत ध्यान दिने उल्लेख छ । त्यसरी योजना बनाउदा मध्यम तथा दिर्घकालिन प्रकृतिको आयोजनाहरुको सूची समेत तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्ता योजना अधिकतम सहभागितामा संचालन गर्नुपर्दछ । योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पुर्वानुमान, आयोजनाको प्राथमिकिकरण,योजना कार्यान्वयन तालिका र अनुगमन मुल्याङ्कन योजना समेत तयार गर्नुपर्ने स्पस्ट व्यवस्था छ । नगरपालिकाले स्थानीय स्तरको विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मुल्याङ्कनको समेत कार्य गर्न सक्ने व्यवस्था छ। नगरपालिकाले सो व्यवस्थाको कार्यान्वयन गरेको छैन। त्यस तर्फ समयमै ध्यान दिनुपर्दछ। | |
| ४. | **शुरुको वजेट बाहिरका कार्यकम र खर्च विवरण** : स्थानीय सरकार संचालन ऐनको दफा ६९ मा नगरपालिका लाई प्राप्त हुने सबै आम्दानी स्थानीय संचित कोषमा देखाउनु पर्ने र | |

<table>
<tr><td></td><td>स्थानीय तहले बजेट विनियोजन गरी तोकिएको कृयाकलाप र सशर्त भए तोकिएको कृयाकलापमा र निशर्त भए प्राथमिकता प्राप्त क्षेत्रमा खर्च गर्नु पर्नेमा निम्नानुसारका कार्यमा स्थानीय सरकारको बजेट भन्दा बाहिरबाट निकासा भए बमोजिम खर्च भएको विवरण प्राप्त भएको छ ।
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>वजेट</th><th>खर्च</th></tr>
<tr><td>१</td><td>बीमा</td><td>३१७००.००</td><td>३१७००.००</td></tr>
<tr><td>२</td><td>गरिबसँग बिश्वेश्वर कार्यक्रम</td><td>४२९०००.०</td><td>४१८८५०.००</td></tr>
<tr><td>३</td><td>सेवक नेपाल</td><td>३६२४००.०</td><td>३६२४००.००</td></tr>
<tr><td>४</td><td>युनिसेफ</td><td>६६३८००.००</td><td>६६३८००.००</td></tr>
<tr><td>५</td><td>छायाँ नेपाल</td><td>३६६३०.००</td><td>३६६३०.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५.</td><td>विद्युतीय लेखा : अर्थ मन्त्रालयको च.नं.२९३ मिति २०७४।९।२ को प्रदेश तथा स्थानीय तह सञ्चित कोष व्यवस्थपन प्रणाली कार्यान्वयन सम्बन्धी पत्रानुसार बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका २०७४ को वूंदा नं.५.१० मा सबै स्थानीय तहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सबै स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट User ID तथा Password प्राप्त गरी आफ्नो सञ्चित कोषको हिसाब लगायत बजेट निर्माण, लेखापालन र प्रतिवेदनका लागि यस प्रणालीको उपयोग गर्ने उल्लेख गरेकोमा यो वर्ष नगरपालिकाले SUTRA प्रयोगमा ल्याएको देखिएन । अतः SUTRA प्रयोग गरी लेखा प्रणाली व्यवस्थित गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.</td><td>आन्तरिक आम्दानी तर्फ : (क) यो वर्ष रु १२५४०३५७१३ आन्तरिक आम्दानी अनुमान गरिएकोमा यो वर्ष रु ११७४४२२६।०० मात्र आन्तरिक आम्दानी देखिएको छ । तोकिएको ११ वटा शिर्षकमध्ये सवारी साधन कर, व्यावसाय कर जस्ता कर असुल नगरेको स्थितिमा सुधार हुनुपर्दछ ।<br>ख) कार्यालयले राजश्व प्राप्त गर्ने र अभिलेख व्यवस्थित गर्ने उद्देश्यले सफ्टवयर प्रयोग गरेको भएता पनि Information Management System को सुरक्षा प्रणाली, पासवर्ड व्यवस्थापन युजर पासवर्ड तथा सिस्टम पासवर्ड अलग अलग व्यक्तिलाई दिइ राख्नुपर्नेमा सो अनुरुप गरेको छैन । जसले गर्दा प्राप्त हुनुपर्ने राजश्व सम्बन्धमा एकिन गर्न सकिएन । वडा कार्यालयबाट प्राप्त हुनुपर्ने राजश्व समेत शिर्षकगत लक्ष्य तोकी असुल भए नभएको मूल्यांकन गर्ने परिपाटीको विकास हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७.</td><td>श्रोतअनुमान तथा वजेट सिमा : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरण, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा उक्त समितिले राजश्वको दर प्रतिवेदन पेश गरेको भएतापनि उपरोक्त अनुसारको सिमा निर्धारण तथा प्राथमीकरणको सन्तुलित विवरणको खाका पेश गरेको देखिएन । उल्लेखित व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८.</td><td>वजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको निति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । सडक निर्माण, विद्यालय भवन निर्माण लगायतका कार्यहरु विगतमा डिभिजन सडक तथा जिल्ला विकास समिति एंव जिल्ला प्राविधिक कार्यालयबाट निर्माण भएको सडक, भवन संरचना हस्तान्तरण नभई निर्माण गरेकाले दोहोरोपन हुन सक्ने र समन्वय नभएको अवस्थामा सुधार गनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९.</td><td>स्थानीय तथ्यांक र अभिलेख : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन</td><td></td></tr>
</table>

गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ नगरपालिकाले ध्यान दिई अभिलेख व्यवस्थापन गर्न जरुरी देखिन्छ ।

१०. **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रीय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको छैन । लक्ष्य निर्धारण गर्ने र प्रगती विवरण तयार गर्ने परिपाटीको विकास गर्नुपर्दछ ।

११. **ठेक्का व्यवस्थापन :** कार्यालयले चौमासिक रुपमा ठेक्का व्यवस्थापन गर्न सकेको देखिएन । ठेक्का व्यवस्थापन सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छ । कार्यालयले ठेक्का व्यवस्थापन सम्बन्धमा देखिएको कमजोरी समयमै सुधार हुनुपर्दछ ।

| क्र. सं. | कार्यक्रम को नाम | ठेक्का सम्झौता | | | | | | | | | | यस वर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | आषाढ महिनाको मात्र | | | |
| | | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम |
| | निर्माण कार्य | | | २ | ८०० | ५ | १००1 | २० | ५००० | | | | |
| | सामाग्री खरिद | | | | | २ | ४८०० | ३ | ४२०० | | | | |

१२. **ठेक्का प्रतिस्पर्धाको स्थिति :** कार्यालयले उपलब्ध गराएको विवरण अनुसार ठेक्का प्रतिस्पर्धाको स्थिति निम्नानुसार रहेको छ । ठेक्का प्रतिस्पर्धाको स्थिति हेर्दा न्यून प्रतिस्पर्धा रहेको देखिन्छ । प्रतिस्पर्धाको स्थिति सुधार गर्न सबै ठेक्का प्रक्रियामा ई बिडिङ्ग गर्नेतर्फ ध्यान दिनुपर्दछ । १ प्रतिशत भन्दा घटीमात्र प्रतिस्पर्धा भएका केही उदाहरण देहाय अनुसार छन् :

| क्र. सं. | कार्यक्रमको नाम | ठेक्का नम्बर | बोलपत्र बिक्रि संख्या | बोलपत्र दाखिला संख्या | बोलपत्र फिर्ता संख्या | लागत अनुमान | स्वीकृत रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | हयूमपाइप खरिद र आपूर्ति | NCB/१/२०७४/०७५ | ३ | ३ | ० | ७२५५१६६ | ७२४९८४२ | ०.०७ |
| ४ | सौर्य सडक बत्ती जडान | NCB/4/२०७४/०७५ | ४ | २ | ० | ४८६३३६० | ४८२८००० | ०.७३ |
| ६ | ह्यूपाइप खरिद तथा ढूवानी | ३ | ३ | ३ | ० | १७५५३१४ | १७५४२०० | ०.०६ |
| ७ | सडक मर्मत सम्भार घण्टेश्वर स्कूल चेतना टोल वडा नं. १ | सडक बोर्ड १/०७४/७५ | २३ | ३ | ० | ४९३५६५।८९ | ४९००५१ | ०.७१ |
| ८ | सडक मर्मत सम्भार कडायत टाल जिउ ग्यारेज पछाडि वडा नं. २ | सडक बोर्ड २/०७४/७५ | २३ | ३ | ० | ४९२३५१।८१ | ४९१९७६ | ०.०८ |
| १० | सडक मर्मत सम्भार खैराना सडक मर्मत वडा नं. ४ | सडक बोर्ड ४/०७४/७५ | २२ | ३ | ० | ४९५८९३।४८ | ४९१९६७ | ०.७९ |
| ११ | सडक मर्मत सम्भार भीम रोकायाको घर देखि धोजे कूवरको घर सम्म नहर टोल वडा नं. ५ | सडक बोर्ड ५/०७४/७५ | १६ | ३ | ० | ४९५८९३।४८ | ४९१९६७ | ०.७९ |
| १२ | सडक मर्मत सम्भार लालपूर गौडीदेखि हरैया वडा नं. ७ | सडक बोर्ड ७/०७४/७५ | १८ | ३ | ० | ४९५५१५।७५ | ४८८१२४ | १.४९ |
| १३ | सडक मर्मत सम्भार फकलपूरदेखि जमूनानगर सडक मर्मत वडा नं. ८ | सडक बोर्ड ८/०७४/७५ | १९ | ३ | ० | ४९९८४१।२७ | ४९२७६५ | १.४२ |
| १४ | सडक मर्मत सम्भार | सडक बोर्ड | २२ | ३ | ० | ४९७८४७९३ | ४९६१३९ | ०.३४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | धनचौरी मूरकट्टी हूँदै स्याउलृसम्म सडक वडा नं. ९ | ९/०७४/७५ | | | | | |
| १५ | सडक मर्मत सम्भार घण्टेश्वर टोल खमौरा सडक, वडा नं. १० | सडक बोर्ड १०/०७४/७५ | १५ | ३ | ० | ४९९५१८।८६ | ४९४११५।९ | १.०८ |
| १६ | सडक मर्मत सम्भार कोल्मूडादेखि कूमिभ्फाल ग्वासी समैजी देवस्थलसम्म वडा न. १२ | सडक बोर्ड ११/०७४/७५ | १४ | ३ | ० | ४९५८००।८४ | ४८८७९६ | १.४१ |
| २० | भवन निर्माण कार्य, वडा नं. १ | गोदावरी | १३ | ३ | ० | १४०७७७३।८ | १३९३०३५ | १.०५ |
| २२ | ग्यारेज निर्माण कार्य, वडा नं. १ | गोदावरी | १५ | ३ | ० | १३९५२३८ | १३८७९९३ | ०.५२ |
| २३ | ग्याबियन जाली खरिद तथा आपूर्ति | राष्ट्रिय खरिद/०२/०७४/७५ | ४ | ४ | ० | १७६७५६०।५ | १७६११०० | ०.३७ |
| २४ | पाइप खरिद | राष्ट्रिय खरिद/०३/०७४/७५ | ४ | ४ | ० | १७६७२८२।४ | १७५७३०० | ०.५६ |
| २७ | स्टिल विद्यूत पोल खरिद | राष्ट्रिय खरिद/०४/०७४/७५ | ७ | ३ | ० | ८८९५२५ | ८८४६५० | ०.५५ |
| | **कूल जम्मा** | | | | | **२९५३०२२८।०१** | **२९०४१३९७९** | |

१३. **चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको चौमासिक खर्च विवरण अनुसार वित्तीय समानीकरणमा असार महिनामा मात्रै कुल पूँजिगत खर्चको १७.८५ प्रतिशत खर्च गरेको छ भने तस्रो चौमासिकमा ५०.३४ प्रतिशत खर्च गरेको छ। यसरी खर्च गर्दा पूँजिगत खर्चले सही र अपेक्षीत परिणाम दिन नसक्ने, कामको गुणस्तर कमजोर हुने जस्ता कमजोरीहरु देखिने हुदा कार्यालयले कार्ययोजना तयार गरी खर्च गर्ने परिपाटीको स्थापना र विकास गनुपर्ने देखिन्छ।

| क्र. सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | | कुल खर्च आषाढ महिनाको प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना | |
| १ | ८०१३४५३ | १९९०२७०३२ | २९८५४०५५ | ६९६५९४६१ | ९९५१३५१६ | २९४०७५८२ | १४.७८ |
| २ | ३६५८१९४ | ६००००० | ० | १५५६९० | ४४४३१० | २६४१५० | ४४.०३ |
| ३ | ३६५८०३३ | ३८८२४९२।८१ | ३८६२५७८ | १६६३३ | ३२८१।८१ | ३२८१।८१ | ०.०८५ |
| ४ | ६०२११०३ | ३३८०७५५ | ३२३५७९५ | १४१९३० | ३०३० | ३०३० | ०.०९ |
| ५ | शहरी विकास आयोजना | ४४६५५९१ | ० | ० | ४४६५५९१ | ४४६५५९१ | १०० |
| ६ | सेवक नेपाल | ३६२४०० | ० | ३३९११९ | २३२८१ | ० | ० |
| ७ | सि सि एस अनुकुलन परियोजना | २५०००० | २५०००० | ० | ० | ० | ० |
| ८ | साविक गोदावरी गा.वि.स. | ४००५७३० | ११६४०० | २०७०४४८ | १८१८८८२ | ५००६३३ | १२.५ |
| ९ | जिल्ला विकास समिति अनुदान | १९३५८३।१५ | १८६७८९ | ० | ६७९४।१५ | ६६९४।१५ | ३.४५८ |
| १० | सडक बोर्ड नेपाल | ३७१०७७४ | ० | ० | ३७१०७७४ | ३७१०७७४ | १०० |
| ११ | आन्तरिक पुजीगत खर्च | २९९२२३६ | ८४१००० | ० | २१५१२३६ | १४३६८८५ | ४८.०२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २२२८७०५९<br>४ | ३८३४६६१६।८ | ७२३८३२८१।<br>२ | ११२१४०६९<br>६ | ३९७९८६२०१९<br>६ | |

१४. **सवारी खरिद :** कार्यालयले यो बर्ष निम्नानुसार सवारी साधन खरिद गरेको पाइयो । सवारी खरिद गर्दा आवश्यकता, औचित्यता, बजेट र अपेक्षित प्रतिफलसमेत लाई ध्यान दिई खरिद गर्नुपर्दछ ।

| क्र. सं | सवारी साधन | खरिद संख्या | मूल्य | प्रयोग गर्ने पदाधिकारी संस्था |
|---|---|---|---|---|
| | टिप्पर | १ | ३५९००००।०० | गोदावरी नगरपालिका |
| | एम्बुलेन्स | १ | १०३८०००।०० | गोदावरी नगरपालिका |
| | मोटरसाइकल | ९ | १७७४२६६।३६ | गोदावरी नगरपालिका |

१५. **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ । यसरी जिन्सी मालसामानको आम्दानी खाता अनुसार कृषि सेवा केन्द्र मात्र हस्तान्तरण भएकोमा सोको लगत तयार गरिएको तथा डिभिजन सहकारी कार्यलयबाट विभिन्न सामान हस्तान्तरण भएतापनी लगत तयार नभएको तर अन्य कार्यालय हस्तान्तरण नभएकोले समयमा हस्तान्तरण गर्नेतर्फ सम्बन्धित कार्यालयले समेत ध्यान दिनुपर्दछ ।

१६. **जिन्सी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५२ मा जिन्सी सामनको श्रेस्ता माहालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा महालेखा नियन्त्रक कार्यालयले तयार गरेको निर्देशिका बमोजिम राख्नुपर्ने व्यवस्था छ । त्यसैगरी नियम ५० मा जिन्सी निरिक्षण गरी प्राप्त भएको प्रतिवेदनमा उल्लेखित मर्मत गर्नुपर्ने मालसामान तीन महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिनाभित्र गरीसक्नुपर्ने व्यवस्था छ । यस कार्यालयबाट खरिद भएको समेत कतिपय सामानको परलमुल्य, स्पेसिफिकेशन, उत्पादन गर्ने देश वा कम्पनीको नाम, साइज, प्रति ईकाइ मुल्य, अनुमानित आयु नखुलेको जस्ता व्यहोरा देखिएको छ । जिन्सी निरीक्षण प्रतिवेदनमा विभिन्न कार्यालयबाट आएका एंव चालु हालतमा नरहेका बेसावुत सामानहरुको समयमा मर्मत एंव लिलामकार्य अगाडी बढेको देखिएन । अतः आवश्यक विवरण खुलाई तोकिएको ढाँचामा जिन्सी खाता अद्यावधिक गर्ने तथा हतान्तरण गरेको सामानको अभिलेख र परिमाण राख्ने एंव समयमा मर्मत, लिलामको प्रकृया अबलम्बन गरी जिन्सी व्यवस्थापन चुस्त बनाउनु पर्ने देखिएको छ ।

१७. **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख एवं पेश्की नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

१८. **योजनाको छनौट :** स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा २४ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासको लागी आवधिक, बार्षिक, रणनीतिगत बिषय क्षेत्रगत अन्य समयकालीन तथा दिर्घकालिन विकास योजना बनाई लागु गर्नुपर्ने, त्यस्ता योजना संघीय सरकार र प्रदेश सरकारका योजना अनुकुल हुनुपर्ने विभिन्न अर्न्तसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । योजना बनाउदा आर्थिक विकास र गरिबि निबारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जिवन स्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानीय स्तरका जनताको सहभागिता जुट्ने, स्वयम् परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय श्रोत साधन र

| | | |
|---|---|---|
| | सिपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना संञ्चालन गनुपर्ने व्यवस्था छ । यस नगरपालिकाकामा उपयुक्त बमोजिम हुने गरी योजना छनोट गरिएको छैन् । प्रथम नगरसभाले विभिन्न क्षेत्र उपक्षेत्रगत बजेट विनियोजन गरेको भएतापनि बिषयतग रुपमा निर्दिष्ट योजनाहरु छनौट भएको देखिएन । कार्यपालिकाले विभिन्न क्षेत्रगत योजनाहरु कार्यान्वयन गर्ने र नगरसभाको बैठकबाट अनुमोदन गर्ने गरेको अवस्थामा सुधार हुनुपर्दछ । | |
| १९. | **खरिद गुरुयोजना र योजना :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ अनुसार १ बर्षभन्दा बढी अवधिसम्म संञ्चालन हुने योजना वा आयोजनाको लागी बार्षिक १० करोड भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा सम्बन्धित निकायले त्यस्तो योजना वा आयोजना वा खरिदको अवधि भरको लागि खरिद गुरुयोजना र नियम ८ अनुसार बार्षिक १० लाख रुपया भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यसरी खरिद योजना तयार गर्दा कुनै योजनाको सम्पुर्ण भाग तथा खण्ड खण्ड गरी कुन काम उपभोक्ता समितिबाट र कुन काम अन्य प्रकृयाबाट गराउने हो सो समेत छुट्याई सम्बन्धित निकायबाट निर्णय गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस आर्थिक बर्षमा संञ्चालित योजनाहरुको लागी नियमावलीले तोकेअनुसारको खरिद योजना तयार गरेको छैन । योजनाले तोकेको समयभन्दा ढिलो गरी योजनाको कार्यान्वयन भए नभएको खरिद योजनामा समावेश नगरी कार्यान्वयन गरे नगरेको सम्बन्धमा एकिन गर्न सकिएन । जसले गर्दा खर्चमा पारदर्शिता र मितव्ययिता हासिल गर्न नसकिने साथै खरिद व्यवस्थापन कार्यको प्रभावकारितामा असर पर्न जाने देखिन्छ । बार्षिक खरिद कार्यलाई प्रभावकारी, मितव्ययी र पारदर्शी बनाउनुका लागी नियमावलीले परिकल्पना गरेबमोजिमको बार्षिक खरिद गुरुयोजना तयार गर्नेतर्फ कार्यालयको ध्यानाकर्षण हुनु पर्दछ । | |
| २०. | **कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था बमोजिम स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो आर्थिक वर्षमा एकमुष्ठ रु १५,००,०००।०० आन्तरिक खातावाट कर्मचारी कल्याण खातामा स्थानान्तरण गरेकोले नियममा उल्लेख भए बमोजिम १० प्रतिशत योगदान कट्टी गरी पालिकाले १० प्रतिशत रकम थप गरेको अवस्था छैन कार्यालयले साविकको स्थानीय स्वायत्त शासन नियमावली बमोजिम खातामा स्थानान्तरण गरेको मनासिब देखिएन । | |
| २१. | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । यस आर्थिक वर्षमा कुन प्रकारका कति वटा व्यवसाय दर्ता तथा नविकरण भए सो को राजश्व रकम के कति असुल भयो भन्ने विवरण लेखापरीक्षणको क्रममा प्राप्त नभएकोले थप विश्लेषण हुन सकेन । कार्यालयले शिर्षकगत रुपमा लक्ष्य नतोकेकोले के कति रकम असुल हुनुपर्ने हो खुलेको एकिन हुन सकेन तसर्थ शिर्षकगत रुपमा लक्ष्य तोक्ने र सो अनुसार राजश्व असुल गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| २२. | **कर्मचारी व्यवस्था** :निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको स्वीकृत दरबन्दी र पदपूर्तिको स्थिति निम्नानुसार रहेको छ । आवश्यक पदपूति) गरी सेवा प्रवाह गर्ने र अनावश्यक दरबन्दी सिर्जना हुन गएको भए हटाउने तर्फ ध्यान दिनुपर्दछ । | |

| क.सं | स्वीकृत पद | संख्या | पदपूर्ति | | | | रिक्त पद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघीय सरकाबाट | साबिक स्थानीय | आन्तरिक | जम्मा पदपूर्ति | | |

| | | | सरुवा | निकायमा कार्यरत | पदपूर्ति | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | १२३ | | ४३ | ११ | ५५ | १०९ | १४ | |

२३. **सेवा खरिद :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ मा कार्यालय सुरक्षा चिट्ठीपत्र ओसार पसार, सरसफाई, टेलीफोन, विद्युत र धाराको संचालन तथा रेखदेख, पशुस्वास्थ्य तथा कृषि प्रसार कार्य, बगैचाको सम्भार र रेखदेख, टाईपिङ वा कम्प्युटरटाईप, ड्राईभिङ जस्ता सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने सेवा करारमा लिनुपरेमा सार्वजनिक निकायको व्यक्ति, फर्म, संस्था वा कम्पनि सँग करार गरी सेवा लिन सक्ने र त्यस्तो सेवा करारमा लिदा त्यस्तो सेवाको आवश्यकता, किसिम, समयावधि, गुणस्तर, सेवा संचालन विधि, लाग्ने मोटामोटीखर्च र कार्यक्षेत्रगत शर्त तयार गरी सार्वजनिक निकायको प्रमुखबाट स्विकृत गराउनु पर्ने व्यवस्था छ । यस्ता सेवा प्रदायकले गरेको सेवाको अनुगमन गर्नुपर्ने व्यवस्था समेत उल्लेख छ । कार्यालयले स्वास्थ्य क्षेत्र लगायतमा आन्तरिक पदपूर्तिबाट ५५ जना कर्मचारी नियुक्ती गरी तलब खर्च लेखेको छ । करार कर्मचारीहरुलाइ ँ उपरोक्त प्रावधान विपरित नियुक्त गरेको र साविकमा करारमा रहेको दरबन्दि भित्र पनि कर्मचारीको म्याद थप गर्दा समेत उपर्युक्त व्यवस्थाको पालना नगरी सेवा करारमा राखी म्याद थपीरहेको अवस्थाले उपर्युक्त प्रावधान कार्यान्वयन नहुदै नगरपालिका कोषमा दीर्घकालिन दायित्व थपिने देखिन्छ । इनपुट मार्फत खर्च बढि रहने तर आउटपुट स्पस्ट नहुने प्रणालीको अन्त हुनु पर्दछ ।

२४. **वजेट व्यवस्थापन :** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम आगामी ३ आर्थिक बर्षमा हुने खर्चको प्रक्षेपण सहितको बिभिन्न सात विषय समेटी मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने व्यवस्था छ । साथै गाउँपालिका र नगरपालिकाले उक्त ऐनको दफा २१(३) बमोजिम असार महिनाको १० गते भित्र आगामी आर्थिक बर्षको राजस्व र व्ययको अनमान सम्बन्धित गाउँ र नगर सभामा पेश गर्नुपर्ने र त्यसरी राजस्व र व्ययको अनुमान साथ बिभिन्न ८ वटा बिषय संकलन गर्नुपर्ने व्यवस्था दफा २२ मा रहेको छ । नगरपालिकाले तोकिएको समयमा आय व्यय विवरण सार्बजनिक नगरेको, तोकिएको व्यहोरा नखुलाएको साथै मध्यमकालिन खर्च संरचना तयार नगरेको अवस्थामा सुधार गर्नु पर्दछ ।

२५. **कोष :** यो बर्ष नगरपालिकाको निम्न अनुसारको ६ कोष खातामा निम्नअनुसार १६,०८,२५०।०० मौज्दात रहेको देखिनछ । त्यसमध्ये ४ वटा खाता खोलेपनी कारोबार नभएको विवरण प्राप्त भएको छ । आवश्यक नपरी कोष स्थापना गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

| निकायमारहेका कोषको नाम | शुरु मौज्दात | यो वर्ष थप | यो वर्षको खर्च | बाँकी |
|---|---|---|---|---|
| मर्मत सम्भार कोष | ३००००० | ० | ० | ३००००० |
| कर्मचारी कल्याणकोष | ५४९९७० | १५००००० | ० | २०४९९७० |
| वातावरण व्यवस्थापन विशेष कोष | ४५०९३५ | ० | ० | ४५०९३५ |
| मावन संसाधन विकास कोष | ५०२० | ० | ० | ५०२० |
| गरिबि निवारण तथा समाजिक परिचालन कोष | १५०००० | ० | ० | १५०००० |
| महिला तथा बालबालिका कोष | १५०००० | ० | ० | १५०००० |
| विपद व्यवस्थापन विशेष कोष | १५०००० | १५२८५०० | ० | १६७८५०० |
| सामाजिक सुरक्षा विशेष कोष | ५४८५५१० | ० | ५४८०५१० | ५००० |
| | **७२४१४३५** | **३०२८५००** | **५४८०५१०** | **४७८९४२५** |

२६. **न्यायिक समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ बमोजिम गठन

<table>
<tr><td></td><td>भएको न्यायिक समितिले ऐनको दफा ५३ (१) बमोजिम राख्नुपर्ने निर्णयको अभिलेख लेखापरीक्षणको क्रममा माग गरेकोमा लेखापरीक्षण पेश नभएकोले आर्थिक वर्ष २०७४।७५ कति मुद्दा दर्ता भए र कति मुद्दा फछ्र्यौट भए भन्ने कुराको एकिन हुन सकेन । ऐनमा उल्लेख भए बमोजिम निवेदन दर्ता र कुन विधिबाट कहिले फछ्र्यौट भएको भन्ने व्यहोरा खुल्ने अभिलेख राख्नुपर्दछ ।  ऐनको दफा ५३ (२) बमोजिम समितिले गरेको कामको वार्षिक विवरण प्रमुख मार्फत नगर सभामा पेश गर्नुपर्नेमा सो विवरण तयार गरी पेश गरेको पाइएन । ऐन बमोजिम सो विवरण समेत पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२७.</td><td>पेश्की बाँकी : कार्यालयको यो बर्षको अन्त्यसम्म पनि फछ्र्यौट नभई बाँकी रहेको पेश्की विवरण निम्नानुसार छ । प्रचलित कानून बमोजिम ढिलो पेश्की फछ्र्यौट गर्नेलाई जिम्मेवार बनाउदै समयमै फछ्र्यौट गर्नुपर्ने रु
<table>
<tr><th>पेश्की लिनेको नाम</th><th>व्यहोरा</th><th>पेश्की रकम</th></tr>
<tr><td>कुन्ता भण्डारी</td><td>सामाजिक सुरक्षा</td><td>३२८८८००.००</td></tr>
<tr><td>दुर्गा थापा</td><td>सामाजिक सुरक्षा</td><td>३१८०४००.००</td></tr>
<tr><td>दुर्गा प्रसाद जोशी</td><td>सामाजिक सुरक्षा</td><td>३६५३८००.००</td></tr>
<tr><td>महेश दत्त भट्ट</td><td>सामाजिक सुरक्षा</td><td>२८१६०००.००</td></tr>
<tr><td>ज्ञानेन्द्र कुमार भट्ट</td><td>सामाजिक सुरक्षा</td><td>३८८४८००.००</td></tr>
<tr><td>चन्द्र सिंह कामी</td><td>सामाजिक सुरक्षा</td><td>३६०८६००.००</td></tr>
<tr><td>लोक बहादुर कुँवर</td><td>सामाजिक सुरक्षा</td><td>३६१८०००.००</td></tr>
<tr><td>सीता चौधरी</td><td>नगरपालिका अनुदान</td><td>१३५०००.००</td></tr>
<tr><td>नेपाल अपाङ्ग संघ खगेन्द्र नवजिवन केन्द्र</td><td>नगरपालिका अनुदान</td><td>५५००.००</td></tr>
<tr><td>साँस्कृतिक संस्थान</td><td>नगरपालिका अनुदान</td><td>२५०००.००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२,४२,१५,९००.००</td></tr>
</table></td><td>२४२१५९००.००</td></tr>
<tr><td>२८.</td><td>अनुगमन खर्च सम्वन्धमा: कार्यालयले विभिन्न मितिमा विभिन्न कार्यक्रममा अनुगमन तथा मूल्यांकन गरेको तथा कार्यक्रमको लागि भ्रमण गरेको यो बर्ष कुल रु १२,१६,७३०.०० खर्च गरेको छ । कार्यालयले भ्रमणको अभिलेख तयार गरेको छैन । दैनिक भ्रमण भत्ता बापत खर्च लेखिएकोमा अनुगमन मूल्यांकन तथा कार्यक्रम भ्रमण पश्चात् प्रतिवेदन तयार गरी कार्यालयमा पेश नगरिएको कारणले सम्बन्धीत कर्मचारी तथा पदाधिकारीहरुले सम्बन्धित कार्यक्रमको प्रयोजनको लागि नै भ्रमण गरेको हो वा होइन भनी एकिन गर्न सकिएन । यसर्थ सम्बन्धीत कार्यक्रममा अनुगमन मूल्याकंन पश्चात अनुगमन प्रतिवेदन लिने र सो लाई पृष्ठपोषणको रुपमा लिई भ्रमण खर्च मितव्ययी र उपलब्धीमूलक बनाउनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२९.</td><td>पदाधिकारी बैठक भत्ता : सुदुरपश्चिम प्रदेश बाट पारीत स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ मा तोकिएको सुविधामात्र कार्यालयले पदाधिकारीहरुलाई उपलब्ध गराउनुपर्दछ । उक्त ऐनमा बैठक भत्ता सम्बन्धी कुनै व्यवस्था नभएतापनि कार्यालयले यो बर्ष पदाधिकारी बैठक भत्तामा कुल रु ३५,५३,५००.०० खर्च गरेको छ । कानूनी व्यवस्था बिपरित पदाधिकारीलाई सुविधा दिएको रु</td><td>३५,५३,५००.००</td></tr>
<tr><td>३०.</td><td>पदाधिकारी इन्धन खर्च : पदाधिकारीको सुविधा कानूनमा नै स्पष्ट हुनुपर्दछ । कार्यालयले पदाधिकारीहरको लागि यो बर्ष इन्धनमा कुल रु १७,७०,७९७०० खर्च लेखेको छ । कुन पदाधिकारीलाई कति इन्धन खर्च गर्ने भन्ने प्रस्ट कानूनी व्यवस्था नगरी खर्च लेखेको मनासिब देखिएन ।</td><td></td></tr>
<tr><td>३१.</td><td>खरिद बिधि : सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ मा खरिद बिधि छनौट गर्दा मालसमानको परीमाणलाई ध्यान दिई एउटै प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई खरिद गर्नुपर्ने व्यवस्था छ । एकै प्रकृतिका सामानको खपत समेत उल्लेख्य परिमाणमा भएकोमा कार्यालयले सामानको प्रकृति अनुसार प्याकेजिङ गरी रकमको परिमाण अनुसार खरिद विधि छनौट गरेको छैन । कार्यालयले कार्यालय सञ्चालन सम्बन्धी कार्यालय सामानहरुको खरिदमा यो बर्ष रु ७५,१७,८६६.०० खर्च गरेको छ । एकै प्रकृतिका सामानहरुको खरिदमा एउटै प्याकेज बनाई सिलबन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमद्धारा प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्न सकिने भएतापनि कार्यालयले विभिन्न मितिमा सोझै टुक्रे</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | खरिद गरेको र वडा कार्यालयहरुलाई पेश्की दिई पेश्की मार्फत समेत कार्यालय समानहरु खरिद भएको पाइयो । तसर्थ कार्यालयले खरिद कार्यमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको पालना गरी खरिद योजना मार्फत स्पष्ट खरिद विधि छनौट गरी प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्नुपर्दछ । | |
| ३२. | **विविध खर्च :** कार्यालयले वडातर्फ विविध खर्च भनी रु २८,५६,७६१.५८ खर्च गरेको पाइयो । उद्देश्य र प्रयोजन प्रस्ट नखुल्ने यस्ता प्रकृतिका खर्चहरुलाई निश्चित सिमा कायम गरी नियन्त्रण गरिनुपर्दछ । | |
| | **वित्तीय समानीकरण पूँजिगत :** | |
| ३३. | **आयोजना कार्यान्वयनका कमजोरीहरु :** स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ मा बजेट पूर्वको तयारी, बजेट निर्माणको बखतको तयारी एवं योजनाको प्राथमिकिकरण, खरिद विधि, योजना सञ्चालन र अनुगमन बारे विभिन्न बिषय उल्लेख छ । कार्यालयले यो बर्ष उपभोक्ता समिति मार्फत आयोजना कार्यान्वयन गरेको मध्ये केही आयोजनाहरु नमूना छनौट गरी परीक्षण गर्दा निम्नानुसारको व्यहोराहरु पाइयो :<br>● कतिपय आयोजनाको लागत अनुमान तयार गर्दा प्रयोग भएको परिमाण बिष्लेषण र दर बिष्लेषण लेखापरीक्षणको क्रममा पेश नभएकोले कुनै पनि आयोजनाको कार्य आइटमहरुमा प्रयोग भएको इकाइगत परिमाण र दर सहि थियो भनी बिष्लेषण गर्न सकिएन ।<br>● आयोजनाको कतिपय ठेक्का बिल तथा कार्य सम्पन्न प्रतिवेदनमा मिति उल्लेख गरेको पाइएन,<br>● आयोजनागत योजना खाता तयार गरेको पाइएन ।<br>● कार्यान्वयन गरिएका कतिपय आयोजनामा उपभोक्ता समितिको बैठकका निर्णय नै सार्वजनिक परीक्षणको रुपमा लिएको पाइयो । आयोजनाबाट प्रभावित लाभग्राहीहरु समेतको भेलाबाट खर्चको सार्वजनिक परीक्षण हुनुपर्दछ ।<br>● आयोजना कार्यान्वयन गर्दा कार्यान्वयन तालिका तयार गरेको पाइएन ।<br>● लागत अनुमानमा सम्पन्न हुन सक्ने समयावधि उल्लेख नगरेको र कतिपय मेजरमेन्ट र कार्य सम्पन्न प्रतिवेदनमा सम्पन्न भएको तथा मापन भएको मिति उल्लेख नगरेको कारण उपभोक्ता समितिहरुले निर्धारित समयावधी भित्र काम सम्पन्न गर्न सके वा सकेनन भनी बिष्लेषण गर्न सकिएन ।<br>अतः उल्लेखित कमजोरीहरु समयमै सुधार हुनुपर्दछ । | |
| ३४. | **मेशिनबाट कार्य :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(९) विपरित उपभोक्ता समितिवाट संचालित विभिन्न आयोजना अन्तर्गतका सडक योजनाहरुमा हेभी मेसिन प्रयोग गर्ने गरी लागत अनुमान तयार गरी हेभी मेशिन (स्काभेटर, लोडर ) प्रयोग गरेको देखियो । तसर्थ नियममा व्यवस्था भए बमोजिम उपभोक्ता समितिबाट गरिने कार्यहरुमा हेभि मेशिनको प्रयोगलाई निरुत्साहीत गर्नुपर्ने देखिन्छ । | |
| ३५. | **नापी कितावः** सार्वजनिक खरिद नियमावली २०६३ को दफा १२३ मा सार्वजनिक निकायले रनिङ्ग बिल वा कुनै बिजकको भुक्तानी गर्दा प्राविधिक जाँचपास गरी नापी किताबमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको परीमाणको आधारमा भुक्तानी दिने व्यवस्था छ । यस नगरपालिकाले गरेको कतिपय निर्माण कार्य ठेक्का पट्टा शिलबन्दी दरभाउ पत्र तथा उपभोक्ता समिति मार्फत गराउदा लिईने कामको अध्यावधिक नापी गरेको देखिएन । कामको विवरण अनुसार विस्तृत नापी लिनुपर्ने, प्रत्येक रनिङ्ग विलको भुक्तानी गर्दा अध्यावधिक नापी लिनु पर्नेमा नलिई भुक्तानी प्रयोजनका लागि मात्र एउटै कामको छुट्टाछुट्टै नापी लिने गरेकोले फाइनल विल, कार्य सम्पन्न प्रतिवेदन एंव लागत अनुमानसँग नापी किताव भिडान हुन सकेको छैन । यस स्थितिमा निर्माण कार्यको वास्तविकता एकिन हुन सक्ने आधार देखिएन । तसर्थ यस्तो अवस्थामा तत्काल सुधार हुनुपर्दछ । | |
| ३६. | **नर्म्स स्वीकृत नभई लागत अनुमान तयार गरेको :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार नर्म्स स्वीकृत नगरी उपभोक्ता समिति तर्फ विभिन्न सडक निर्माण | |

| | | |
|---|---|---|
| | कार्यको लागत अनुमान एक्साभेटर बुल डोजर जस्ता मेशिन प्रयोग अवस्थामा ८० प्रतिशत मेशिन मार्फत २० प्रतिशत मानिसको श्रम प्रयोग गर्ने गरी लागत दर समायोजन गरी दर कायम गरी सो बमोजिम लागत अनुमान तयार गर्ने गरेको पाईयो । निर्माण गरिने स्थान अनुसार फरक फरक दर निर्धारण भै मेशिनको समेत प्रयोग भएको छ । हेभि मेशिनरी प्रयोग गरी नयाँ कच्ची सडकको ट्र्याक खोल्दा वा मर्मत गर्दा ८०:२० को अनुपातबाट लागत अनुमान तयार गर्ने नर्म्स स्विकृत भएको आधार प्रमाण भने पेश भएन । कार्यालयले जिल्ला दररेटको आधारमा दररेट निर्धारण गर्ने गरेको जनाएको छ । यसरी आधार बेगर लागत अनुमान तयार गर्दा झन्डै ५ गुना सम्म लागत बृद्धि हुने अवस्थामा आवश्यक ध्यान दिई अबिलम्ब सुधार हुनुपर्दछ । | |
| ३७. | **अनुगमन प्रतिवेदन :** कार्यालयले श्री ग्वासी समैजी कृषक समुह गोदावरी नगरपालिका वडा नं. १२ लाई ३ थान पम्पसेट १५० मिटर पोली थिन पाइप (सेक्सन पाइप) खरिद गरेको भनि एन.वि.कृषि औजार विक्रि केन्द्रलाई रु. २९९५०० भूक्तानी गरेको छ । उक्त सामान एकातिर यस कार्यालयमा दाखिला भएको छैन भने उपभोक्ता समितिलाई समेत बुझाएको प्रमाण श्रेस्ता साथ संलग्न छैन । तसर्थ मिति २०७४।८।७ मा उक्त उपभोक्ता समितिसँग भएको सम्झौता को बुँदा नं. १ बमोजिम सबै सामाग्री उपलब्ध गराउने र बुँदा नं. २ बमोजिम पम्पसेट जडान गरी २०७४ पौष १५ गते भित्र पानी चलाउने र त्यस्तो पानी विना भेदभाव वितरण गर्नु पर्ने सम्झौताको सर्त अनुसार भए नभएको एकिन हुने अनुगमन प्रतिवेदन पेश गर्नु पर्ने समेत रु. | २९९५००।०० |
| ३८. | **दर विश्लेषण :** निर्माण कार्यसंग सम्बन्धित सबै क्रियाकलापको जिल्ला दररेट र नर्म्सको आधारमा दर विश्लेषण गरी यथार्थ खर्च लाग्ने हिसाबले लागत अनुमान तयार गर्नु भन्दा पहिले परिमाण एकिन गरी दर विश्लेषण गर्नुपर्दछ । निर्माण कार्यको प्रकृति अनुसार दर विश्लेषण गरी मालसामानको लागत, ढुवानी खर्च, निर्माणमा संलग्न मजदुरको जिल्ला दररेट अनुसारको ज्याला समेत सम्पूर्ण लागत समेट्दा कच्चा सामग्रीको उपलब्ध स्थान देखि निर्माण स्थल सम्मको दूरीलाई आधारमानी दर विश्लेषण गर्नुपर्दछ । यस्तो अवस्थामा एकै प्रकृतिको निर्माणकार्यको समेत स्थानअनुसार दर फरक पर्न जान्छ । कार्यालयले दर विश्लेषण गरेको प्रमाण निर्माण सम्बन्धी कतिपय फाइल साथ संलग्न छैन र सो दर वा सो भन्दा बढी दरमा लागत अनुमान तयार गरेको अवस्था छ । बढी दरमा लागत अनुमान तयार गरेको कारण नखुलेको र दर विश्लेषण निर्माण खरिद गर्ने आइटममा समावेश नगरेको कारण पालिकाले गरेको खर्च र लागत यथार्थ हो भन्न सकिने अवस्था देखिएन । प्रत्येक निर्माण कार्यको लागि दर बिश्लेषण गरिनुपर्दछ । | |
| ३९. | **भौ.नं. १९७-२०७४।७।२८** ८१ वटा ३×१×१ जालीमा २४३ घनमिटर ढुंगा भर्ने कार्य बापत गोदावरी तिर्थधाम तटबन्धन गर्ने कार्य बापत उपभोक्ता समितिलाई रु. १३५६७६।०० भुक्तानी भएकोमा प्रति घ.मि. ६६५ ले खर्च लेखेको छ । सो को दर विश्लेषण संलग्न छैन । | |
| ४०. | **भौ.नं. ३२४-२०७४।९।२१** पूँजि निर्माण प्रकृतिको कार्यका लागि पूँजिगत शिर्षकमा बजेट विनियोजन भएको हुन्छ । यस कार्यालयले पूजीगत शिर्षकमा एकमुष्ट अनुदान रकम बजेट विनियोजन गरि खर्च गरेको छ । प्रतिभा सामुदायिक पुस्तकालय अत्तरिया, कैलालीलाई रु. १०००००।०० भौतिक पुर्वाधार बापत रु. १००००० नगदै भुक्तानी गरेको छ । संलग्न बिलभपाई अनुसार सोफासेट १, टेबुल २, डेस्कटप, क्यामरा सामान उक्त पुस्तकालयको खातामा आम्दानी बाँधे नबाधेको र पुस्तकालयको प्रयोग आए नआएको एकिन गर्न अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ । | |
| ४१. | **३३४-२०७४।०९।२१** माइल स्टोन युवा क्लव लाई ८ थान फूटबल खरिद बापत रु. ११००० भूक्तानी भएको छ । उक्त सामान सो क्लवमा दाखिला भएको देखिदैन र प्रयोग भएको प्रतिवेदन संलग्न छैन । तसर्थ आवश्यक प्रमाण साथ अनुगमन हुनुपर्दछ । | |
| ४२. | लागत अनुमान संग दररेट विश्लेषण समेत संलग्न गर्नुपर्दछ । नगरपालिकाले विभिन्न निर्माण कार्य गरेकोमा दर विश्लेषण स्थान विषेश फरक पर्ने भएकोले सो बेगरको भूक्तानी लाई यथार्थ मान्न सकिदैन । दर विश्लेषण बेगर भुक्तानी हुदाँ लागत अनुमान सहि र यथार्थ थियो मान्न समेत सकिएन । यसको उदाहरण निम्नानुसार छ । | |

| भौ. नं र | कामको | कृयाकलाप | परिमाण | जिल्ला दर | भूक्तानी | भुक्तानी |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मिति | नाम | | | अनुसारको दर | भएको दर ( भ्याट बाहेक) | पाउने रकम |
| २९५,२०७४।९।५ | कल्भर्ट निर्माण | १:३:६ पि.सि.सि. | ७।८८ घ.मि. | ९२५०।३२ | ९७५०।२६ | ३९३९।५३ |
| २९६,२०७४।९।६ | ग्राभेल गर्ने कार्य | १:३:६ ढुंगा सोलिङ | २।६६ | ९२५०।३२ | ९६८४।८१ | ११५५।७४ |

४३. **खानेपानी डिभिजन कार्यालय र यस नगरपालिकाको लागत अनुमानमा फरक परेको:** एउटै जिल्लामा एउटै प्रकृतिका कार्यमा संचालन गर्दा लागत अनुमान समेत एउटै हुनुपर्ने देखिन्छ। खानेपानी डिभिजन कार्यालयको कामलाई एकरुपता दिन खानेपानी विभागले प्रतिकिलो ग्राम रु. २१४ लागत अनुमान तोकेको छ। त्यसलाई आधार लिई डिभिजन कार्यालय कैलालीले लागत अनुमान तयार गरेको देखिन्छ। यस जिल्लाको २०७४।०७५ को दररेट प्रतिकिलो २६० तोकेको छ। जसले गर्दा जिल्लागत लागत अनुमान समेत यथार्थमा आधारित देखिदैन। यस्तो अवस्थामा लागत घटाउन यस कार्यालयले प्रयास गरेको समेत छैन। त्यसरी लागत अनुमान नै फरक परेको र उपभोक्ता समिति मार्फत काम भएको अवस्थामा प्रतिस्पर्धा पनि नभएकोले लागत अनुमानकै कारण ठूलो रकम थप व्ययभार परेको देखिन्छ। खानेपानी डिभिजन कार्यालयले ढुवानी लागत बढीमा ३ प्रतिशत मात्र जोडेकोमा यस पालिकाले ७/८ प्रतिशत सम्म ढुवानी खर्च राखेको हुदाँ थप व्ययभार परेको छ। यस्तो अवस्थामा तत्काल सुधार हुनुपर्दछ। फरक परेको एक उदाहरण निम्नानुसार छ :

| **भौ नं. र मिति** | **कामको नाम** | **पाइपको साइज** | **किलो ग्राम** | **जिल्ला दररेट अनुसारको** | **खानेपानी विभागको दररेट** | **फरक दर** | **बढी भुक्तानी रकम रु** |
|---|---|---|---|---|---|---|---|
| २३९,२०७४।०८।२७ | सोटयास कुलोमा पाइप तथा फिटिङ वडा नं. १२ | २०० एम एम ६ किलोमिटर | ३३० | २३९९।५४ | १९७५।४६ | ४२४।०८ | २३३२४।१० |

४४. **संचालन नहुने आयोजनाको सर्भे लागत:**
२७५-२०७४।०९।५ असिसेन्ट सब ईन्जिनियर भक्तराज जोशीको नामको पेश्की फछर्यौट गर्दा देखिएका व्यहोरा निम्नछन् :

क) चाँप खानेपानी आयोजना र हलौडे खानेपानी आयोजना खानेपानी डिभिजन कार्यालय, कैलालीबाट संचालनमा रहेको योजनाहरु हुन। सम्बन्धित कार्यालयसँग औपचारिक समन्वय नगरी खर्च गर्न मिल्दैन। यस्तो अवस्थामा देहायको खानेपानी योजना सर्भे लगायत भनि देहाय अनुसार भुक्तानी भएको छ।

| **खानेपानीको योजनाको नाम** | **भूक्तानी रकम रु.** |
|---|---|
| हलुडे खानेपानी योजना सर्भे<br>तल्लोचाप खानेपानी योजना सर्भे खर्च | १३३९५०।०० |

ख) यसरी सम्बन्धीत कार्यलयसँग समन्वय नगरी संचालन भएको योजना मध्ये हलुडे खानेपानी योजना यो बर्ष संचालन गरेको देखिएन। साथै सो योजनामा विनियोजन भएको रु. ७०००००।०० सोही स्थानमा सिचाई पोखरी निर्माण कार्यमा शिर्षक फरक पारि खर्च गरेकोले सर्भे गर्नुको औचित्य समेत नदेखिएकोले असुल गर्नुपर्ने रु. ६६,९७५।००

४५. **उपभोक्ता समिति गठन गरेको तर व्यवस्थापन समितीबाट कार्य गराएको अवस्थामा खर्च पुष्टि हुने कागजात पेश नभएको:** भौ.नं.२७४-२०७४।०९।०५ सुदुरपश्चिम माध्यमिक विद्यालय गोदावरी नगरपालिका उत्तर वनखेतलाई विद्यालयको छानो मर्मत, पर्खाल निर्माण र फर्निचर खरिद बाफत रु. ४५०००० भूक्तानी भएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

क) सिभिल निर्माण कार्यमा लागत अनुमान र सम्पन्न परिमाण सामान्यतय एउटै हुन सक्दैन। यो कार्यको लागत अनुमान रु. ५,४१,२९६।३३ रहेकोमा समुदायले रु. ९१२९६।३३ व्यहोर्ने उल्लेख छ। उक्त निर्माण कार्य बाजी कामी अध्यक्ष रहेको उपभोक्ता समितिसँग मिति २०७४।७।२० मा सम्झौता भएको देखिन्छ। सो अनुसार नै नापी किताब तयार गरिएको छ। कार्य सम्पन्न एवं कार्य स्विकार प्रतिवेदन तयार नगरेको मनासिव देखिएन।

<table>
<tr><td></td><td>ख) यस्तो प्रकृतिको निर्माण विगतमा जिल्ला शिक्षा कार्यालय, जिल्ला प्राविधिक कार्यालय, जिल्ला विकास समिति जस्ता कार्यालयबाट बजेट निकासा तथा खर्च हुने गरेकोमा त्यस्तो कुनै विवरण नलिई यस विद्यालयलाई निकासा गरी खर्च लेखेको देखिन्छ यस्तो अवस्थामा तत्काल सुधार हुनुपर्दछ ।<br>ग) उपभोक्ता समितिसँग सम्झौता गर्ने तर विद्यालयको खातामा जम्मा हुने गरि निकासा गरेकोले सार्वजनिक खरिद विधिलाई छल्ने उद्देश्यले उपभोक्ता समिति गठन गरेको स्पष्ट देखिन्छ । साथै विद्यालय व्यवस्थापन समितिले आफै कार्य गराएको अवस्थामा बीलभरपाई लगायत प्रमाण कागजात पेश गर्नु पर्ने रु</td><td>४,५०,०००।००</td></tr>
<tr><td>४६.</td><td>१९४-२०७४।७।२८ वडा नं. २ को वडा स्तरिय सिचाईको लागि मोटर जडान गर्ने उद्देश्यले लक्ष्मी योगीको अध्यक्षतामा एउटा उपभोक्ता समिति गठन भएको देखिन्छ । समान्यतया एक भन्दा बढी उपभोक्ता समितिमा एकै व्यक्ति संलग्न हुन मिल्दैन । उत्तरबनखेत टोलमा २ थान सिचाई मोटर जडान गर्ने योजना अनुसार २ थान मोटर दुई अलग अलग स्थानमा जडान गर्ने कार्य भएको भनी कार्य सम्पन्न प्रतिवेदन पेश भएको छ । दुई अलग अलग स्थानमा उपभोक्ताहरु एउटै व्यक्ति हुन सक्दैनन । कार्यालयले लक्ष्मी योगी अध्यक्ष रहेको उपभोक्ता समितिलाई प्रति मोटर जडान रु. १ लाखका दरले भुक्तानी दिएकाले रु. २ लाख खर्च गरेको देखिन्छ । एउटै व्यक्ति अध्यक्ष रहेको उपभोक्ता समितिलाई दुई वटा उपभोक्ता समितिको तर्फबाट सम्झौता र भुक्तानी गरेको नियमित देखिएन । साथै उपभोक्ताको योगदान स्पष्ट हुने डोर हाजीर समेत संलग्न नभएबाट उपभोक्तासँगको निर्माण खरिद कार्य स्पष्ट नभएको र लागत सहभागिता एकिन नहुने अवस्थामा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४७.</td><td>ग्राभेलको लागत : यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ,<br>गोदावरी नगरपालिका क्षेत्रमा गोदावरी, खैराना खटीया जस्ता मुख्य नदी रहेका छन गोदावरी नगरपालिकाको यो बर्ष ९५ किलो मिटर सडक ग्राभेल गरेको प्रगति विवरणमा उल्लेख छ । उक्त ग्राभेल नजिकका नदीहरुमा मेसिन मार्फत निकालेको ५ देखि ५० मिलिमिटिरको ग्राभेल (सबवेस) राखेको पाइन्छ । त्यस्तो सब बेस नदिहरुबाट एक्आभेटरले सिधै निकाली ट्रक टयाक्टरमा लोडिङ गर्ने गरेको समेत पाइन्छ । यस्तो अवस्थालाई नगरपालिकाले नजिकबाट देखिरहेकै हुनुपर्दछ । यस्तो अवस्थामा ग्राभेल मेटिरियल संकलन लागत मानिसको तुलनामा झण्डै ३ गुणा भन्दा बढी मात्रामा लागत कम हुन पुग्दछ । ग्राभेल मेटेरियलमा संकलन लागत ढुवानी लोड अनलोड र रोयल्टीको रकम समावेश रहेको हुन्छ । लोड अनलोड समेत मेसिनबाट हुने गरेको समेत देखिन्छ । हाइड्रोलिक ट्याक्टर ट्रकबाट अनलोड हुने र एक्जाभेटरले लोड गर्दा लागत थप कम हुन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः</td><td></td></tr>
<tr><td></td><td>(क) नदिको ग्राभेल मेटिरियल (सव वेस) २०७४।०७५ को दररेट विश्लेषण अनुसार, लोड अनलोड र रोयल्टी बाहेकको त्यस मध्ये संकलन कार्य मात्र मेशिनबाट भएको भन्दा पनि प्रति घनमिटर लागत देहायअनुसारको रकमले कम पर्न आउने देखिन्छ । त्यस तर्फ विचार नगरी लागत अनुमान तयार गरेकोले यस नगरपालिकालाई थप व्ययभार पर्न गएको छ । यस्तो लागत फरक परेकोले त्यस तर्फ कार्यलयले समयमै ध्यान दिनुपर्ने देखिन्छ ।
<table>
<tr><th>मेशिनबाट ग्राभेल मेटेरियल निकाल्दा हुने लागत प्रति घन मिटर रोयल्टी, ढुवानी,लोडअनलोड बाहेक)</th><th>मानिसबाट एक्जाभेसन गरि निकाल्दा हुने दर प्रति घन मिटर रोयल्टी, ढुवानी,लोडअनलोड बाहेक)</th><th>बढी लागत दर .प्रति घनमिटरं</th></tr>
<tr><td>१४१।०९</td><td>४३०।७५</td><td>२९६।६६</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>(ख) उपर्युक्त बमोजिम २ लाख रुपैया भन्दा बढी रकम नगरपालिकाबाट लागत व्यहोरेका ३१ गोश्वारा भौचरको परीक्षण गर्दा ३५९२४९९।०० भन्दा बढी रकम थप व्ययभार परेको हुंदा नियमित हुनुपर्ने साथै सो भन्दा घटी लागत सहभागी भएका योजनाको समेत छानबिन गरी लागतमा परेको थप व्ययभार एकिन गर्नुपर्ने देखिन्छ ।</td><td>३५,९२,४९९।००</td></tr>
<tr><td>४८.</td><td>जग्गा खरिद : ४१७-२०७४।१०।११: गोदावरी नगरपालिकाले कार्यालय भवन निर्माण प्रयोजनको लागि भनि साविक मालाखेती वडा न ८ सिट नं. ०२७/०२८६ कि.नं. १०९७ बाट ५०७९।४५ बर्गमिटर हाल गोदावरी नगरपालिका वडा न २ को कि.नं. १०९७ क्षेत्रफल १५ कट्ठा जग्गा खरिद बापत पवित्रा रायमाझी, सितादेवी पाण्डेय र सन्ध्या कुमारी पाण्डेय गरि ३ जनाबाट प्रतिकट्ठा रु ३५ लाखका दरले रु. ५,२५,००,०००।०० मा खरिद गरि अन्य २</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | जनाको मञ्जुरी बमोजिम सीतादेवी पाण्डेयको नाममा भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नछन् : | |
| ४८.१ | गोदावरी नगरपालिकाको मिति २०७४।७।२७ गतेको कार्यपालिका बैठकको निर्णय नं. १ मा अत्तरियाबाट पूर्व, पश्चिम उत्तर दक्षिण २ कि.मि. भित्र राजमार्ग सँग जोडिएको वा राजमार्गबाट ५०० मिटर भित्र २० फिट बाटो भएको घटीमा १० कट्ठा जग्गा खरिद गर्न कम्तिमा ७ दिनको सूचना दिई प्रक्रिया अगाडी बढाउने उल्लेख छ। मिति २०७४।०७।२९ को धनगढी बाट प्रकाशन हुने सहयात्री पोष्ट र अग्नी पोष्ट दैनिक पत्रिकामा गोदावरी नगरपालिकाको भवन निर्माण गर्नको लागि भनि जग्गा प्राप्ती ऐन २०३४ अनुसार जग्गा खरिद गर्न सूचना प्रकाशन गरेको देखिन्छ । सोही अनुसार यस नगरपालिकाले मिति २०७४।७।१६ मा जग्गा प्राप्ती प्रयोजनको लागि प्रारम्भिक कार्य अगाडी बढाउन प्रमुख प्रशासकिय अधिकृत लाई जिम्मेवारी समेत दिएको देखिदा उक्त जग्गा जग्गा प्राप्ति ऐन बमोजिम प्राप्त गर्नुपर्ने देखिन्छ र तर कार्यालयले सो बमोजिम गरेको देखिएन ।<br>जिल्ला प्रशासन कार्यलय कैलालीको जग्गा अधिग्रहणको २०७४ मंसिर १९ गतेको गोरखापत्रमा १० देखि १५ कट्ठा जग्गा मुआब्जा दिई खरिद गर्न सूचना प्रकाशन गरेको देखिन्छ । यस प्रकार जग्गा प्राप्ती प्रकृया जग्गा प्राप्ती ऐन २०३४ अनुसार नै हुनु पर्ने देखिन्छ। | |
| ४८.२ | जग्गा प्राप्त ऐन, २०३४ मा जग्गा प्राप्त गर्ने कार्य सार्वजनिक कामको निमित्त प्राप्त गर्ने, कसैको हक भोगमा रहेको जुनसुकै जग्गा र त्यसमा रहेको संरचना तथा स्थायी रुपले जडान भएको बस्तु मानिने र त्यस्तो जग्गा कुनै संघसंस्थाको निमित्त जग्गा प्राप्त गर्दा दफा ५(१) बमोजिम कम्तिमा अधिकृत स्तरको कर्मचारीबाट प्रारम्भिक कारबाही चलाउन पाउने व्यवस्था छ । त्यसै गरि दफा ६ मा प्रारम्भिक कारबाही चलाउन बढी आवागमन हुने, सम्बन्धित गाउँपालिका वा नगरपालिकामा सूचना टाँस गर्नुपर्ने र सूचना गरेको ३ दिनपछि सम्बन्धित घर जग्गाको कम्पाउण्ड भित्र प्रवेश गरि उपयुक्त छ छैन यकिन गरि किल्ला खडा गरि निशाना लगाउने व्यवस्था छ । त्यसै गरि नोक्सानीको क्षतिपुर्ति दिने, प्रारम्भिक कारबाही चलाएको मितिले १५ दिन भित्र स्थानीय अधिकारी (हालको प्रमुख जिल्ला अधिकारी समक्ष प्रतिवेदन गर्ने, प्रारम्भिक कारबाहीको प्रतिवेदन प्राप्त भएपछि प्राप्त गरिने जग्गाको सम्बन्धमा विभिन्न विषय खोली जग्गा प्राप्त गर्ने कुराको सूचना जारी गर्ने व्यवस्था छ । सोही ऐनको दफा १२ मा जग्गा कब्जा गर्ने अधिकार समेत व्यवस्था छ । तर माथि उल्लेखित सूचनालाई आधार मानि मिति २०७४।८।१२ मा जग्गा प्राप्ती ऐन बमोजिम निवेदन दर्ता भएको भनि ७ जनाको नाममा रहेको ८ कित्ता जग्गा वडा नं. १ र २ सिट नं. ०२७।३६५, ०२७।२८६, ०२७।०४०६ को जग्गाको मूल्य निर्धारण गर्न जिल्ला प्रशासन कार्यालय, कैलालीलाई अनुरोध गर्ने निर्णय भएको देखिन्छ। सो अनुसार २०७४।८।१९ मा जग्मा अधिग्रहणको सूचना प्रकाशन भएको छ । सो अनुसार गोदावरी नगरपालिका वडा नं. १ र २ लाई चलनचल्तीको मूल्य खुलाई पठाउन पत्राचार गरेको आधारमा वडा न २ ले अत्तयिा डडेल्धुरा राजमार्ग जोडिएको जग्गा प्रति कट्ठा रु ४३ देखि ४५ लाख पर्ने भित्र पर्ने लेखेको र वडा न १ ले अत्तरिया धनगढी सडकको मनिष पेट्रोल पम्प आसपासको जग्गा रु. ४८ लाख सम्म चलनचल्तीको मूल्य भएको उल्लेख गरेको छ। सोही अवधिमा गोदावरी नगरपालिकाले २०७४।१०।२१ च.नं. २९२१ बाट गोदावरी नगरपालिका वडा न २ तेघरीमा अवस्थित अत्तरिया डडेल्धुरा राजमार्गसँग जोडिएको तत्कालिन सेती चुरोटको नाममा दिपा इन्भेष्टमेन्ट कम्पनि शेयरधनी तथा उनका परिवारको नाममा दर्ता कायम भएको जग्गा व्यापारिक प्रयोजनमा लागि कित्ताकाट गर्न ( फाइलसाथ संलग्न पत्रअनुसार) भूमि सुधार तथा व्यवस्थापन मन्त्रालयलाई सिफारिस गरेको देखिन्छ। यस प्रकार जग्गा प्राप्ति ऐन विपरित जग्गा खरिद गरेको मनासिव देखिएन । | |
| ४८.३ | दिपा श्री इन्भेष्टमेन्ट प्रा.लि. कम्पनी र सो का शेयरधनी तथा श्रीमतिको नाममा रहेको तत्कालिन सेती चुरोट कम्पनीको नामबाट जग्गा औद्योगिक प्रयोजनबाट व्यापारिक प्रयोजनका लागी अत्तरिया बजार बिस्तार एवं बजीकरणका लागि व्यापारि बाट खरिद माग भई आएको हुदाँ कित्ता काटका लागि सम्बन्धित निकायमा शिफारिस गर्न अनुरोध गरेको निवेदन नगरपालिकामा २०७४।१०।२१ द.नं. ३०४४ मा दर्ता भएको देखिन्छ । सो अनुसार नै भूमिसुधार तथा व्यवस्थापन मन्त्रालयमा यस नगरपालिकाले मिति २०७४।१०।२१ मा सिफारिस गरेको छ। यसरी जग्गा बिक्री गर्ने प्रयोजनको लागि नै सो जग्गा कित्ताकाट भएको | |

| | | |
|---|---|---|
| | र त्यसरी निवेदन दिने मध्ये कै पवित्रा रायमाझी, सिता देवि पाण्डे र सन्ध्या कुमारी पाण्डेको नामको जग्गा खरिद गरेकोले योजनाबद्ध तरिकाले खरिद भएको प्रमाणित हुन्छ ।<br>जग्गा प्राप्ति ऐन अन्तर्गत जग्गा प्राप्त गर्दा सार्वजनिक खरिद ऐन आकर्षण हुदैन । फाइल साथ संलग्न कागजात हेर्दा पवित्रा रायमाझी, सिता देवी पाण्डे र सन्ध्या कुमारी पाण्डे भएको एउटा समूह र दीर्घराज ओझा, राजकुमारी ओझा र गोमती कुमारी ओझा समूह गरि दुई समूहबाट दरभाउपत्र लिई प्रथम समूहले रु. ४३ लाख प्रति कट्ठा कबोल गरेको र दोस्रो समूहले रु. ४८ लाख प्रति कट्ठा कबोल गरेको देखिन्छ । मालपोत कार्यालय कैलालीको २०७४/०७५ को मूल्यांकन अनुसार मालाखेती ८, सिट नं. ०२७/०२८६ को जग्गा मूल सडकमा नछोइएको भए प्रतिकट्ठा रु. १५ लाख रहेको र सडकसँग जोडिएको जग्गाको मूल्याकंन प्रति कट्ठा रु २५ लाख रहेको छ । यस्तो अवस्थामा दरभाउपत्र लिई खरिद गर्न मिल्दैन । तर पुनः नगरपालिकाले जग्गा खरिद गर्दा रु. ३५ लाख प्रतिकट्ठा मूल्य कायम गरेको आधार स्पष्ट छैन । तसर्थ उक्त कार्य सार्वजनिक खरिद ऐन बमोजिम नै रहेको देखिन्छ । | |
| ४८.४ | यसै जिल्लाको कैलाली भन्सार कार्यालय, धनगढीको सती भन्सार कार्यालयको लागि जग्गा मुआब्जा वितरण गर्दा मिति २०७३।३।५ को कैलाली जिल्लाका प्रमुख जिल्ला अधिकारी समेतको मुआब्जा निर्धारण समितिको निर्णय अनुसार अधिग्रहण गरिने जग्गा र जग्गाको विवरण लिई मालपोत कार्यालयको मूल्याकंन दरमा ५० प्रतिशत थप गरेको देखिन्छ । यसरी २०७४।०७५ को मूल्याकंन अनुसार मूल सडक सँग नजोडिएको जग्गाको प्रतिकट्ठा रु १५ लाखमा ५० प्रतिशत थप गर्दा रु २२,५०,०००।०० प्रतिकट्ठा हुन आउँछ । तर यो जग्गाको मालपोतको २०७४।०७५ को मूल्याकंन अनुसार रु २५ लाखका दरले कायम गरेको आधार नै स्पष्ट देखिएन ।<br>मुआब्जा रकम भुक्तानी गर्दा जिल्ला प्रशासन कार्यालय मार्फत भूक्तानी गर्नुपर्नेमा सोझै भूक्तानी गरेको , जग्गा बेच्ने प्रयोजनको लागि नै साविकको सेती चुरोट कम्पनीको नाममा रहेको जग्गा टुक्रा पारि भित्र २० फिटको बाटो खोली बिक्री गरेको, मालपोतको मूल्यांकनमा मूल सडकको दाँयाँ बायाँको बाटोलाई आधार मानिएकोमा बाटो भन्दा अन्दाजी १५० मिटर भित्रको जग्गाको मूल्यांकन पनि बाटोको दाँया बाँयाको जग्गा सरह गरेको मुआब्जा लिने प्रकृया पुरा नगरी मालपोतको मूल्याकंन दर भन्दा बढी रकम दिने गरी मूल सडकसँग नजोडिएको जग्गामा बाटो खोली बढी मुआब्जा दिएको सम्बन्धमा छानबिन हुनुपर्ने रु | ५२५०००००।०० |
| ४९. | **भैसीपालन कार्यबाट गाई फर्मको लागि भूक्तानी :** भौ.नं. ४१०, ०७४।१०।११ वडा नं. ०६ मा खुशिराम चौधरीलाई वडा नं. ०६ को वडा स्तरीय कार्यक्रमबाट भैंसीपालनका लागि गोठ मर्मत सुधार बापत रु २५०००।०० भूक्तानी दिएको छ । वडा स्तरीय कार्यालयबाट भैंसिपालनको लागि उल्लेख भएतापनि संलग्न फोटोमा गाईपालन मात्र देखिएकोले उक्त फर्मले भैंसि पालेको देखिदैन । यसरी कार्यक्रम बेगर खर्च गरेको मनासिब देखिदैन । | |
| ५०. | भौ.नं. ३६८,०७४।१०।०३ भिमदत्त राजमार्ग देखि सरस्वती उच्च माध्यामिक विद्यालय हुदै गेटा आंखा अस्पताल जाने बाटो कालोपत्रे गर्ने कार्यबापत प्वाइन्ट निर्माण सेवालाई भलिबल बापत रु ६५८२६१।०० भूक्तानी दिएको छ । कार्यालयले सो सम्बन्धी फाइल पेश नगरेकोले प्रमाण कागजात पेश गर्नुपर्ने रु | ६५८२६१।०० |
| ५१. | **ठे.नं. २ २०७४।७५, ह्युम पाइप खरिद :** यो वर्ष नगरपालिका अन्तर्गतका १२ वटै वडाका लागि रु ५८,२९,०००।०० र नगरपालिका केन्द्रका लागि रु ७५ लाख गरी कुल रु १,३३,२९,०००।०० बजेट विनियोजन गरेको देखिन्छ । विभिन्न साइजका ह्युम पाइप खरिद गर्ने कार्य गर्न भागेश्वर ह्युमपाइप संग मिति २०७४।०८।२६ मा ६ महिना भित्र आपूर्ति गर्ने गरी ठेक्का लगाएकोमा देहायको व्यहोरा देखिएको छ ।<br>क) ह्युमपाइप खरिद गरी आपूर्ति भएबापत भूक्तानी दिंदा कार्यालयको जिन्सी खातामा आम्दानी बांधेको छैन । सामान फिल्डमै हस्तान्तरण गरेको भनि विक्रेताको चलानीमा व्यक्तिको नाम उल्लेख गरिएको छ । यस प्रकार कुन व्यक्तिले के प्रयोजनकालागि ह्युमपाइप बुझेको हो र कहां विछ्याइएको हो खुलेको देखिदैन । उपभोक्ता समितिलाई बुझाएको पनि देखिदैन । लेखापरीक्षणको क्रममा छलफलहुंदा आधाजसो ह्युमपाइप सार्वजनिक प्रयोगमा रहनेगरी विछ्याइएको मौखिक जानकारी दिएतापनि आधा संख्याको ह्युम पाइप के कस्तो अवस्थामा रहेका हुन सो को विवरण कार्यालयले राखेको छैन । यस प्रकार आवश्यक्ता | |

<table>
<tr><td></td><td>निर्धारण गरी योजनावद्ध रुपमा खरिद नगरेको स्पष्ट हुन्छ । साथै नविछ्याइएको अभिलेख राखि अनुगमन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५२.</td><td>बढी भुक्तानी : कार्यालयले वडा नं. ७ को ठूला हल्दु शान्तिटोल क्लबको चौर नजिक डिप ट्युबवेल निर्माण गर्ने कार्यको लागि उपभोक्ता समितिलाई गो.भौ.नं १५७९, ०७५।३।७ बाट रु ९,००,०००।०० भुक्तानी गरेको थियो । उपभोक्ता समितिसँग कार्यालयले सम्झौता गर्दा कुल रकमको २३.८८ प्रतिशत रहने गरी सम्झौता गरेको भएतापनि रकम भुक्तानी गर्दा भने सोही अनुपातमा कट्टि गरेको पाइएन । प्राविधिक मापन अनुसार कुल भएको काम रु १०,३५,४७२।६४ को २३.८८ प्रतिशतले उपभोक्ता योगदान रु २,४७,२७०.८७ कट्टि गरी रकम भुक्तानी दिनुपर्नेमा रु १,३५,४७२.८७ मात्र कट्टि गरी रकम भुक्तानी दिएकोले रु १,११,७९७.९९ बढी भुक्तानी भएकोले उक्त रकम सम्बन्धीतबाट असुल गर्ने रु</td><td>१,११,७९७.९९</td></tr>
<tr><td>५३.</td><td>बढी मू.अ.कर : कार्यालयले गो.भौ.नं. १५५८ मिति २०७५।३।५ बाट वडा नं. ५ नहर टोल कल्भर्ट निर्माण उपभोक्ता समितिलाई रु ५,००,०००।०० भुक्तानी गरेको थियो । उक्त भुक्तानीमा मूल्य अभिवृद्धि कर बापत रु ६१,७२६।०४ मू.अ.कर बापत समावेश गरेको थियो तर उपभोक्ता समितिले समान खरिद गरी कार्यालयमा पेश गरेको बिल भर्पाईमा मूल्य अभिवृद्धि कर बापतको रु ४१,६३९।१७ रहेको पाइयो । उपभोक्ता समितिले तिरेको मूल्य अभिवृद्धि कर भन्दा बढी भुक्तानी दिएको रकम रु २००८६।८७ सम्बन्धीतबाट असुल गर्ने रु</td><td>२०,०८६.८७</td></tr>
<tr><td>५४.</td><td>बढी मूल्याकंन : वडा नं. ५ नहर टोल कल्भर्ट निर्माण उपभोक्ता समितिलाई रु ५,००,०००।०० भुक्तानी गरेकोमा मू.अ.कर रु ६१,७२६।०४ समावेश गरेको आधारमा मू.अ.कर लाग्ने समानको मूल्याकंन रु ४,७४,८१५।६९ गरेको पाइयो । तर उपभोक्ता समितिले कार्यालयमा पेश गरेको समान खरिद गरेको थान ६ कर बिजक रहेको तर मू.अ.कर रकम रु ४१,६३९।१७ मात्र रहेकोमा सो को आधारमा मूल्य अभिवृद्धि कर लाग्ने समान रु ३,२०,३०१।३१ को रहेको देखिन्छ । यसबाट कल्भर्ट निर्माणमा प्रयोग भएको निर्माण समाग्रीको मूल्याकंन यथार्थ भएको देखिदैन । बढी मूल्याकंन भई रु १,५४,५१४।३८ थप व्ययभार पारेको देखिएकोले खर्च रकम नियमसँगत नदेखिएको रु</td><td>१,५४,५१४.३८</td></tr>
<tr><td>५५.</td><td>प्राविधिक मेजरमेन्ट : गो.भौ.नं. १४८५, मिति २०७५।३।१ बाट गोदाबरी नदी तटबन्धन कार्यको लागि गो.भौ.नं. १४८५ मिति २०७५।३।१ बाट रु ७६९०१७।०० भुक्तानी गरेको थियो । कार्यालयले तयार गरेको नापी किताब र कार्य सम्पन्न प्रतिवेदनमा कार्य आइटम नं. ३ र ४ मा कार्य परिभाषा एउटै भएतापनि फरक फरक दरले रकम भुक्तानी दिएको पाइयो । यसरी एउटै कामको लागि फरक फरक दरको प्रयोग गर्नुको कारण खुलेन । एउटै काम दोहोरिएर मापन भए नभएको एकिन गर्ने र दोहोरिएर मापन भएको भए सम्बन्धीत बाट असुल गर्ने रु
<table>
<tr><th>कार्य आइटम नं.</th><th>कार्य</th><th>परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>३</td><td>Fabrication of gabion box having size of 2 m * 1m* 1m containing hexagonal mesh size of 100 mm * 120 mm, mesh wire of 10 swg, selvage wire of 8 swg and binding wire of 12 swg, And Stone filling Work</td><td>३७</td><td>९२०६.१६</td><td>३४०६२७.९२</td></tr>
<tr><td>४</td><td>Fabrication of gabion box having size of 2 m * 1m* 1m containing hexagonal mesh size of 100 mm * 120 mm, mesh wire of 10 swg, selvage wire of 8 swg and binding wire of 12 swg, And Stone filling Work</td><td>३७</td><td>६२४०.६३</td><td>२३०९०३.३१</td></tr>
</table></td><td>३,४०,६२७.९२</td></tr>
<tr><td>५६.</td><td>उपभोक्ता योगदान : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७४ को व्यवस्था गर्न नमूना तयार गरी पठाएको थियो जसमा उपभोक्ता समिति मार्फत कार्य गराउदा विभिन्न प्रक्रिया अपनाउने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिबाट कार्य गराउदा उपभोक्ताको योगदानमा कुनै निश्चित विधि तथा नर्म्स वा कार्यविधि तयार गरेको पाइएन । त्यसले गर्दा उपभोक्ता समितिबाट गराइएका आयोजनामा न्यून तर फरक फरक अँश योगदान हुने गरेको पाइयो । त्यसको केही उदाहरण निम्नानुसार छन:</td><td></td></tr>
</table>

| सिर्नं | आयोजनाको नाम | कुल रकम | योगदान रकम | उपभोक्ताको योगदान प्रतिशत | २० प्रतिशतले हुने रकम |
|---|---|---|---|---|---|
| १ | वडा नं. १० को गगन सिंह ऐरेको घर नजिक ग्राभेल कार्य | ४६८५७६.६८ | ६८५७६.७६ | १४.६४ | ९३७१५.३४ |
| २ | वडा नं. ६ मा तटबन्धन गर्ने कार्य | ९७२३९१.७३ | ११९८९५.९० | १२.३३ | १९४४७८.३५ |
| ३ | वडा नं. २ को बसपार्क स्तर सुधार कार्य | ८९८६५३.१३ | ९८६५३.१३ | १०.९८ | १७९७३०.६३ |
| ४ | जुरेपानीमा कल्भर्ट निर्माण कार्य | १४७१८०६.८५ | १९८६९३.९३ | १३.५ | १९८६९३.९२ |
| ५ | वडा नं. ११ को टुडेला देखि बान्द्रखाल ग्राभेल | ४६१५५६.२३ | ६१५५६.३३ | १३.३४ | ९२३११.२५ |
| ६ | दुर्गा मावि को भवन निर्माण | १०८४३१.७८ | ८९३४.७८ | ८.२४ | २१६८६.३६ |
| **जम्मा** | | **४३८१४१६.४** | **५५६३१०.८३** | | **७८०६१५.८५** |

रु ४३,८१,४१६.४० का स- साना ६ वटा आयोजनामा मात्रै उपभोक्ताले गर्न सक्ने न्यूनतम २० प्रतिशत योगदान नरहदा कार्यालयलाई रु २,२४,३०५।०२ बढी व्ययभार परेको देखियो । औषतमा प्रति आयोजना ५.१२ प्रतिशतले बढी खर्च गरेको देखिएकोले आयोजनामा उपभोक्ताको योगदान बढाउनुपर्दछ ।

५७. वडा नं. २ को बसपार्क स्तर सुधार गर्ने कार्यको लागि उपभोक्ता समितिलाई रु ७८९९२४।०० भुक्तानी गरेकोमा Earth filling कार्य ४०२२.७५ घनमिटर कार्यको लागि प्रति घनमिटर रु २१२।५० को दरले रकम भुक्तानी गरेको थियो । उक्त कार्य उपभोक्ताले प्राय मेशिनबाट गर्ने हुदा मानिसको दर राखी दर कायम गरेको पाइयो । प्राय मेशिनको प्रयोगबाट भैरहेको काममा मानिसको दर राखी रकम भुक्तानी गर्ने परिपाटिमा सुधार हुनुपर्दछ ।

५८. **ग्राभेलिङ्ग गर्ने कार्य :** ग्राभेल कलेक्सनको काम प्राय मेशिन बाट हुने भएतापनि मानिसले मात्र कार्य गर्ने गरी लागत अनुमानमा दर राखि सोही दर अनुसार भुक्तानी हुँदा निम्नानुसारका ६ वटा आयोजनामा कार्यालयलाई थप रु ९,७३,७२१।२१ बढी व्ययभार पारेको देखियो । उल्लेखित कमजोरीमा सुधार हुनुपर्दछ ।

| सि. नं. | आयोजनाको नाम | मेशिनको दर | मानिसको दर | फरक दर | परिमाण | रकम |
|---|---|---|---|---|---|---|
| १ | वडा नं. २ को शान्तिटोलम ग्राभेल कार्य | १४१.०९ | ४३७.०५ | २९६.६६ | २९३.०३ | ८६९३०.२८ |
| २ | वडा नं. ३ को अधुरा बाटाहरु ग्राबेल गर्ने कार्य | १४१.०९ | ४३७.०५ | २९६.६६ | ३६२.०० | १०७३९०.९२ |
| ३ | वडा नं. ११ को टुडेला देखि बान्द्रखाल ग्राभेल | १४१.०९ | ४३७.०५ | २९६.६६ | ३४१.२५ | १०१२३५.२५ |
| ४ | वडा नं. ११ मा अधुरा बाटोहरुमा ग्राभेल | १४१.०९ | ४३७.०५ | २९६.६६ | ८६२.५० | २५५८६९.२५ |
| ५ | वडा नं. ५ स्थित कत्था टोल ग्राभेल | १४१.०९ | ४३७.०५ | २९६.६६ | ३८२.५ | ११३४७२.४५ |
| ६ | बाङ्गेशाला कोल्मुडा मुल सडक ग्राभेल | १४१.०९ | ४३७.०५ | २९६.६६ | १०४१ | ३०८८२३.०६ |
| **जम्मा** | | | | | | **९,७३,७२१.२१** |

५९. **उपभोक्ता समिति मार्फत निर्माण व्यवसायीको प्रयोग :** कार्यालयले उपभोक्ताले गर्न सक्ने र उपभोक्ता समितिको योगदान रहन सक्ने आयोजना मात्र उपभोक्ता समितिबाट गराउनुपर्दछ । तर कार्यालयले उपभोक्ता समितिसँग सम्भौता गर्ने र उपभोक्ता समितिले निर्माण व्यवसायी प्रयोग गरी कार्य गराउने गरेको पाइयो । कार्यालयले प्रतिस्पर्धात्मक तरिकाले खरिद कार्य नअपनाउदा यस्ता कार्यमा बढी व्ययभार पर्ने भएकोले यसरी काम गराउने परिपाटिमा सुधार हुनुपर्दछ । त्यस्ता केही उदाहरण निम्न छन :

| आयोजनाको नाम | उपभोक्ता | निर्माण व्यवसायी | उपभोक्ता समितिले पेश |
|---|---|---|---|

| | समितिसँगको सम्झौता / भुक्तानी रकम | | गरेको निर्माण व्यवसायीको बिल रकम |
|---|---|---|---|
| वडा नं. ७ को ठूला हल्दु शान्तिटोलमा डिप ट्युबबेल निर्माण कार्य | ११,८२,३०२.५० | एल बि ड्रिलिङ्ग कम्पनी प्रालि | १०,३५,४७२.६८ |
| वडा नं. १२ को जनप्रभात टुडेला टोलमा डिप ट्युबबेल खानेपानी निर्माण कार्य | १७८१४००.०० | एल बि ड्रिलिङ्ग कम्पनी प्रालि | १६,५७,६७९.४५ . ट्रान्सफर्मर खरिदको रु २९८३२०.०० समेत) |
| खैरेनीमा डिप ट्युबबेल निर्माण कार्य | १८५३८९९.१२ | एल बि ड्रिलिङ्ग कम्पनी प्रालि | १६३५६८३.४५ |
| चण्डेश्वरी आधारभूत विद्यालयलाई डिप ट्युबबेल निर्माण | ४५००००.०० | एल बि ड्रिलिङ्ग कम्पनी प्रालि | ५१५०६५.०० |

| | | |
|---|---|---|
| ६०. | **विद्युत पोल :** कार्यालयले गो.भौ.नं. १६२८ मिति २०७५।३।१० बाट ४० थान विद्युत पोल खरिद बापत रामपुर कंक्रिट उद्योग कैलालीलाई मूल्य अभिवृद्धि कर सहित रु ४,९८,१०४।०० भुक्तानी गरेको थियो । ठेक्का बिल तयार गरेको भएतापनि सो को कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । सो को लागत अनुमान तथा खरिद प्रक्रिया सम्बन्धी कागजात लेखापरीक्षणको क्रममा पेश भएन । अभिलेख व्यवस्थापन प्रभावकारी नबनाउनेलाई कानून बमोजिम जिम्मेवार बनाउदै सो पोलहरु कुन ठाउँमा र कुन मितिमा प्रयोग गरियो खुल्ने गरी अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु | ४,९८,१०४.०० |
| ६१. | कार्यालयले गो.भौ.नं. १६४४ मिति २०७५।३।११ मा लामिताल निर्माण उपभोक्ता समितिलाई प्रथम रनिङ्ग बिल बापत रु १०,०७,१८०।०० भुक्तानी गरेको थियो । मिति २०७५।३।१५ सम्ममा सम्पन्न गर्नुपर्ने गरी कार्यालयले उपभोक्ता समितिसँग रु २४,९७,५१०।६४ सम्झौता गरेको थियो । सो को लागत अनुमान तथा दर बिश्लेषण लेखापरीक्षणको क्रममा पेश नभएकोले कार्य आइटमको परिमाण र सो को दर सहि थियो भनी बिश्लेषण गर्न सकिएन । उक्त कार्यको म्याद थप पनि नभएको अवस्थामा सम्झौता अवधिसम्म पनि कार्य सम्पन्न नगर्ने उपभोक्ता समितिलाई कानून बमोजिम कारबाही गरिनुपर्दछ । | |
| ६२. | कार्यालयले गो.भौ.नं. १६५३ मिति २०७५।३।१३ बाट स्टाफ क्वाटर भवन निर्माण बापत के.आर. कन्स्ट्रक्सन एण्ड सप्लायर्सलाई प्रथम रनिङ्ग बिल बापत रु १०,९२,५४६।३३ भुक्तानी गरेको थियो । सो को लागत अनुमान, दर बिश्लेषण, सम्झौताका सामान्य तथा बिशेष शर्तहरु, बोलपत्र स्वीकृत, सूचनाहरु, बोलपत्र दर्ता तथा बिक्री अभिलेख, कार्यसम्पादन जमानत आदि पेश नभएकोले ठेक्का प्रक्रियाको बिश्लेषण गर्न सकिएन । | |
| ६३. | गो.भौ.नं. १६७२ मिति २०७५।३।१३ मा वडा नं. ६ को विभिन्न ठाउँमा सरसफाईको लागि सेती ह्युमपाइप तथा विद्युत पोल उद्योग प्रालिबाट १०९ थान प्रति थान ९०९।६५ का दरले रु ९९१५२ मा खरिद गरेको पाइयो । लागत अनुमानमा र कार्य सम्पन्न प्रतिवेदनमा परिमाण र दर मात्र उल्लेख गरिएको तर प्रयोग भएको खुल्ने गरी कुनै कार्य भएको नदेखिएकोले उक्त पाइपहरु के कस्तो अवस्थामा छन भन्ने कुराको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु | ९९,१५२.०० |
| ६४. | गो.भौ.नं. १६७४ मिति २०७५।३।१३ बाट दुइवटा मोटरसाइकल खरिद बापत स्वेता ट्रेडिङ्ग कन्सर्नलाई मू.अ.कर सहित रु ४,०३,८००।०० भुक्तानी गरेको पाइयो । संलग्न कागजातमा उक्त कन्सर्नको दुइ थान बिलमा मिति २०७५।७।१० उल्लेख भएको कारण उक्त भुक्तनीमा समावेश भएको मू.अ.कर रकम रु ४३,६९३।८२ समायोजन भएको प्रमाण सहित उक्त दुबै थान मोटरसाइकल कार्यालयको नाममा नामसारी भई आएको प्रमाण पेश गर्नुपर्ने रु | ४,०३,८००.०० |
| ६५. | कार्यालयले गो.भौ.नं. १६७५, मिति २०७५।३।१३ बाट मालाखेती अस्पतालको फार्मेसी भवन निर्माणको लागि भूमिका कन्स्ट्रक्सनलाई रु ६,५९,५४२।०० भुक्तानी गरेको थियो । सो को लागत अनुमान, दर बिश्लेषण, सम्झौताका सामान्य तथा बिशेष शर्तहरु, बोलपत्र स्वीकृत, सूचनाहरु, बोलपत्र दर्ता तथा बिक्री अभिलेख, कार्यसम्पादन जमानत आदि पेश नभएकोले ठेक्का प्रक्रियाको बिश्लेषण गर्न सकिएन । | |
| ६६. | **परामर्श सेवा :** कार्यालयले विभिन्न मितिमा स साना सडक सर्भे, डिजाइन तथा इष्टिमेट जस्ता कार्यको लागि विभिन्न परामर्शदाता छनौट गरी रकम भुक्तानी गर्ने गरेको पाइयो । | |

कार्यालयको प्राविधिक जनशक्ति बाटै सो कार्य नगराई परामर्श सेवा लिई खर्च गरेको मनासिब देखिएन ।

| क.सं. | कार्यक्रमको नाम | लागत अनुमान | परामर्श खर्च | | |
|---|---|---|---|---|---|
| | | | गत वर्षसम्मको | चालु वर्षको | जम्मा |
| १ | गोदावरी बुढीतोला फुलबस्ती केवलकार पुर्ब सम्भाव्यता अध्यन | ४९९८९४।१ | | ४९७००० | ४९७००० |
| २ | चैतान्यपुर पुल खैराना खोला मोटरेबल सर्भे,soil test,design&cost estimate | १०१५१४१ | | १०११३५० | १०११३५० |
| ३ | अत्तरिया बसपार्क को डिपीआर तथा मास्टर प्लान तयारी | १८००००० | | १७९१०५० | १७९१०५० |
| ४ | गेरेपानी नाला पुल र गौडधुब खोला पुल | १२५२८०१।१ | | १२३७३५० | १२३७३५० |
| ५ | लामितालको मास्टरप्लान निर्माण कार्य | ४९९३६८।४७ | | ४९२६८० | ४९२६८० |
| ६ | कोलमुड़ा नायल सडक सर्भे कार्य | १२९६७३३।८ | | १२६५६०० | १२६५६०० |
| ७ | खैराना,खुटिया,गोदावरी खोलाको डिपीआर तथा मास्टर प्लान तयारी | १६३९३०१।२ | | १६२७२०० | १६२७२०० |
| ८ | Preapartionof master plan,Detailed architectural&Engineering Design& cost estimate of ward office building ward no-9 | ४००००० | | ३९२३२२।१ | ३९२३२२।१ |
| ९ | Preapartionof Detailed architectural&Engineering Design& cost estimate of Community hall&Business sheeds at ward no-11&5 | ४००००० | | ३९२००० | ३९२००० |
| | **कुल जम्मा** | ८८०३२३९।६० | ० | ८७०६५५२।१ | ८७०६५५२।१ |

६७. कार्यालयले गो.भौ.नं. १७२६ मिति २०७५।३।१९ बाट वडा नं. ५ स्थित कत्था टोल ग्राभेलिङ्ग कार्यको लागि कुल रु ४,३५,०००।०० भुक्तानी गरेको थियो । सो भुक्तानीमा ग्राभेलीङ्ग कार्य ३८२।५० घनमिटर प्रति घनमिटर रु ११२२।९२ का दरले रकम भुक्तानी गरेकोमा ग्राभेल कम्प्याक्सन वाइ रोलर मेशिन भन्ने कार्य आइटम थप गरी रु ६७,३२९।९४ भुक्तानी गरेको थियो । कार्यालयले अन्य सोही प्रकृतिका ग्राभेलिङ्ग कार्यमा कम्प्याक्सन वाइ रोलर मेशिनको कार्य पनि ग्राभेलिङ्गको दररेट अनुसार कार्य गराई भुक्तानी गरेको जनाएतापनि यो आयोजनामा कम्प्याक्सनको कार्य थप गरी रकम भुक्तानी दिनुको कारण खुलेन । सो थप कार्य आइटमा ८७।८१ घनमिटर बढी काम भएको मापन गरिएकोमा सो को नर्म्स तथा आधार पनि खुलेन । कार्यालयले खर्चको पुष्टि हुने कागजात भौचर साथ संलग्न गर्नुपर्दछ । तसर्थ सो थप कार्य आइटमको स्वीकृत नर्म्स पेश गर्नुपर्ने रु ६७,३२९.९२

६८. **तार जालि खरिद :** कार्यालयले गो.भौ.नं. १७६७ मिति २०७५।३।२१ बाट ग्याबियन बक्स खरिद तथा ढुवानीको लागि सिदार्थ ट्रेड एण्ड सप्लायर्सलाई मूल्य अभिवृद्धि कर सहित रु २०,०२,९२५।०० को भुक्तानी गरेको पाइयो । कार्यालयले मिति २०७५।२।१३ मा मूल्य अभिवृद्धि कर सहित रु १९,९०,७२१।०० को सम्झौता गरेकोमा सम्झौता गरे भन्दा रु १२२०४।०० ले

<table>
<tr><td></td><td>बढी भुक्तानी दिएको पाइयो । उक्त सप्लायर्सले उपलब्ध गराएको सामाग्रीहरुको कार्यालयले स्वतन्त्र परीक्षण समेत गराएको छैन । उक्त ठेक्काको लागत अनुमान, दर बिश्लेषण तथा ठेक्का प्रक्रिया सम्बन्धी कागजात तथा सम्झौताको शर्तहरु लेखापरीक्षणको क्रममा पेश नभएको तथा सम्झौतामा कहिलेसम्म समान उपलब्ध गराउने भन्ने व्यवस्था गरेको पाइएन । कार्यालयले माग फारामको आधारमा उपभोक्ता समिति तथा सर्वसाधारणलाई बितरण गर्ने गरेको जनाएको छ । तसर्थ विभिन्न तिन प्रकारको साइजका ५०० वटा ग्याबियन बक्स कुन ठाउँमा प्रयोग गरियो भन्ने खुल्न आएन । प्रयोग स्थिति खुल्ने अनुगमन प्रतिवेदन सहीत बढी भुक्तानी रु १२,२०४।०० असुल गर्नुपर्ने रु</td><td>१२,२०४.००</td></tr>
<tr><td>६९.</td><td>छुटको प्रयोग : कार्यालयले पत्रपत्रिकाबाट सूचना प्रकाशन गर्दा विभिन्न विज्ञापन एजेन्सीलाई रकम भुक्तानीमा छुट लिने गरेको पाइएन । प्राय सबै राष्ट्रिय स्तरका पत्रपत्रिकामा सूचना प्रकाशन गर्दा निर्धारित दरमा निश्चित प्रतिशत छुट दिने गरेको सन्दर्भमा कार्यालयले उक्त छुट सुविधाको प्रयोग गरी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७०.</td><td>विद्यालय भवन तथा शौचालय निर्माण : कार्यालयले गो.भौ.नं. १८८६ मिति २०७५।३।२५ बाट ग्वासी माविमा शौचालय निर्माणको लागि रु ३,९९,९५५।०० निकासा गरेको थियो । साबिक जिल्ला शिक्षा कार्यालय र हाल शिक्षा समन्वय इकाइ बैतडीबाट जिल्ला भरीका विद्यालयहरुमा यस्तो प्रकृतिका रकम निकासा हुने गरेको पाइन्छ । तसर्थ कार्यालयले विद्यालय भवन तथा शौचालय निर्माणमा निकासा गर्दा सम्बन्धीत निकायसँग समन्वय गरी दोहोरो नपर्ने गरी निकासा गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७१.</td><td>ह्युमपाइप खरिद : कार्यालयले गो.भौ.नं. १८८७ मिति २०७५।३।२५ बाट मालिकार्जुन ह्युमपाइप एण्ड कंक्रिट उद्योग, सुडा, कञ्चनपुरलाई मू.अ.कर सहित रु ३,२८,९०७।०० भुक्तानी गरेको थियो । सम्झौता रकम मू.अ.कर सहित रु १९,८२,२४६।०० रहेकोमा सो को ठेक्का प्रक्रियासँग सम्बन्धित कागजातहरु लेखापरीक्षणको क्रममा पेश नभएकाले ठेक्का प्रक्रियाको बिश्लेषण गर्न सकिएन । कार्यालयले ह्युमपाइपको लागत अनुमान तयार गर्दा जिल्ला दररेटमा १५ प्रतिशत ढुवानी थप गरी लागत अनुमान तयार गरेकोमा सो को स्वीकृत नर्म्स वा आधार खुलेन । ह्युमपाइपको साइज अनुसार जुन हिसाबले सम्झौता भएको थियो सोही अनुसार नभई निम्नानुसार फरक परिमाणमा उपलब्ध भएकोमा सो को कारण पनि खुलेन । ह्युमपाइपको मौज्दात स्थिति वा प्रयोग अवस्था एकिन गर्न सकिएन । तसर्थ १५ प्रतिशत ढुवानी थपको स्वीकृत नर्म्स सहित निम्न परिमाणको ह्युमपाइप प्रयोग स्थितिको प्रतिवेदन पेश गर्नुपर्दछ ।
<table>
<tr><th>ह्युमपाइपको प्रकार</th><th>सम्झौता परिमाण</th><th>उपलब्ध परिमाण</th></tr>
<tr><td>NP3- 1200 mm dia. at 2.5 m length</td><td>६</td><td>४</td></tr>
<tr><td>NP3- 900 mm dia. at 2.5 m length</td><td>८</td><td>७</td></tr>
<tr><td>NP3- 600 mm dia. at 2.5 m length</td><td>१८</td><td>१३</td></tr>
<tr><td>NP3- 450 mm dia. at 2.5 m length</td><td>३८</td><td>४५</td></tr>
<tr><td>NP3- 300 mm dia. at 2.5 m length</td><td>४२</td><td>५४</td></tr>
<tr><td colspan="3">जम्मा</td></tr>
</table></td><td></td></tr>
<tr><td>७२.</td><td>कार्यालयले गो.भौ.नं. १८९९ मिति २०७५।३।२५ बाट जेष्ठ नागरिकको लागि भवन निर्माण गर्ने कार्यको लागि के.आर कन्स्ट्रक्सनलाई मू.अ.कर सहित रु ४,९९,७६९।३० भुक्तानी गरेकोमा सो को ठेक्का प्रक्रिया सम्बन्धी कागजातहरु लेखापरीक्षणको क्रममा पेश नभएकोले ठेक्का प्रक्रियाको बिश्लेषण हुन सकेन ।</td><td></td></tr>
<tr><td>७३.</td><td>सौर्य बत्ती जडान : कार्यालयले नगरपालिकाको वडा नं. १ देखि १२ सम्म सडक सौर्य बत्ती जडानको लागि बोलपत्र आह्वान गरी टपसन इनर्जि प्रालिसँग मू.अ.कर सहित रु ५१,६०,१६०।०० को सम्झौता गरी रकम भुक्तानी गरेकोमा कार्यालयले सौर्य बत्ती जडानमा प्रयोग हुने सामाग्रीहरुको मू.अ.कर सहित रु ५४,९५,५९६।८० को लागत अनुमान तयार गर्दा इकाइगत यथार्थ लाग्ने दरको बिश्लेषण नगरी संघिय मन्त्रालयको वेभसाइटमा रहेको इस्टिमेसन मोडलको हुबहु उतार गरी बनाएको पाइयो । मोडल अनुसार अभ्यास गर्न सकिने भएतापनि स्थानीय परिवेश अनुसार लागत संयोजन नहुदा लागत अनुमान यथार्थपरक थियो</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | भन्न सकिने स्थिति रहेन । | |
| ७४. | कार्यालयले गो.भौ.नं. १९२७ मिति २०७५।३।२६ बाट पदम कठायतको मिल देखि रिङ्गरोड सम्म ढल निर्माण कार्यको लागि उपभोक्ता समितिलाई रु १०,०१,९०७।०० भुक्तानी दिएको थियो । उक्त कार्यको लागि मिति २०७५।९।३० सम्ममा कार्य सम्पन्न गर्ने गरी रु ४८,४८,७२८।७३ को सम्झौता गरेकोमा उपभोक्ताको योगदान ९.५९ प्रतिशत मात्रै रहेको पाइयो । प्राविधिक मेजरमेन्टमा चेनेज नखुलाई मापन गरिएकोले कुन चेनेज अन्तर्गत काम भएको एकिन हुन सकेन । उपभोक्ताको योगदान न्यून राखी सम्झौता गर्ने र चेनेज नखुलाई मापन गर्ने कार्य उचित देखिएन । | |
| ७५. | **विद्युत पोल खरिद :** कार्यालयले गो.भौ.नं. २०५५ मिति २०७५।३।३१ बाट स्टिलका विद्युत पोल खरिद बापत मालिका इन्जिनियरिङ्ग एण्ड मेकानिकल वर्क्स प्रालिलाई मू.अ.कर सहित रु ९९९६५४।५० भुक्तानी गरेको थियो । ६५ वटा पोलको प्रति पोल मू.अ.कर सहित रु १५,३७९।२९ का दरले खरिद गरेकोमा सो को गुणस्तर परीक्षण गरेको पाइएन । उक्त पोलहरु कहाँ प्रयोग भए भन्ने कुरा खुल्न सकेन । विद्युत पोलहरुको प्रयोग स्थिति अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु | ९,९९,६५४.५० |
| ७६. | **बढी भुक्तानी :** कार्यालयले गो.भौ.नं. २०८४ मिति २०७५।३।३१ बाट शुभकामना सप्लायर्सलाई एच डि पि पाइप आपूर्ति गरेबापत २०,४६,६८४।०० भुक्तानी गरेको थियो । कार्यालयले उक्त कार्यको लागि उक्त सप्लायर्ससँग मू.अ.कर सहित रु १९,८५,७४९।०० को सम्झौता गरेकोमा रु ६०,९३५।०० बढी भुक्तानी गरेको पाइयो । सम्झौतामा उल्लेखित परिमाण वा दर फरक पारी बढी रकम भुक्तानी दिने कार्य उचित देखिएन । बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु | ६०,९३५.०० |
| ७७. | कार्यालयले गो.भौ.नं. २०८८ मिति २०७५।३।३१ बाट सवारी साधन खरिद बापत सिपद्री ट्रेडिङ्ग प्रालिलाई रु १०,४८,७३८।०० भुक्तानी गरेको पाइयो । सिपद्री ट्रेडिङ्गको सेवा लागत बापत मू.अ.कर सहितको रु १५००००।०० को बिलको साथै भारतिय टाटा कम्पनीको भा.रु ५५५०००।०० लाई नेपाली रुपैयाँमा परिवर्तन गरी हुन आउने रकम र स्थानीय कर रकम रु ९४६६ पनि संलग्न गरेको पाइयो । कम्पनीले प्राप्त गरेको सबै रकमको बिल जारी नगर्नुको कारण खुलेन । | |
| ७८. | **चालु खर्च खाता -आन्तरिक :** नगरपालिकाले से १ ग ९७ नम्बरको टिप्परले दुर्घटना गरी चन्द्र सार्कीको मृत्यु भएकोमा नगरपालिका कार्यपालिकाले निर्णय गरी आन्तरिक कोषबाट क्षतिपूर्ति स्वरुप रु ५ लाख दिने निर्णय गरेको देखिन्छ । सवारी दुर्घटनाबाट मृत्यु भएमा तेस्रो पक्ष बीमा गरी बीमा कम्पनीबाट दाबी गरी क्षतिपूर्ति दिनुपर्नेमा बीमा नवीकरण नगर्दा सो रकम प्राप्त नगरी नगरपालिकाको आन्तरिक कोषबाट भुक्तानी दिएको देखिन्छ । यसरी समयमै बीमा गर्नुपर्ने जिम्मेवारी बहन नगरी नगरपालिकालाई थप व्ययभार पर्न गएकोले नियमित नदेखिएको रु | ५,००,०००।०० |
| ७९. | **एल.जि.सि.डि.पी.:**सामाजिक परिचालन कार्यविधि २०७१, को परिच्छेद ४.५ मा सामाजिक परिचालकको काम कर्तव्य र जिम्मेवारी तोकिएकोमा सो अनुरुप कार्य नगरी कार्यालयले सामाजिक परिचालक टिकाराम पालीलाई सहायक कम्प्युटर अपरेटरको जिम्मेवारी दिएको देखिन्छ । यसरी फरक उद्देश्य राखी जिम्मेवारी दिएको उचित देखिएन । पद नाम अनुसारको कार्य जिम्मेवारी दिनुपर्दछ । | |
| ८०. | सामाजिक परिचालन कार्यविधि, २०७१ को परिच्छेद ३.६ ले स्थानीय सेवा प्रदायक संस्थासम्बन्धी व्यवस्था गरी सोही परिच्छेदमा स्थानीय सेवा प्रदायक संस्थाको काम कर्तव्य र भूमिका तोकिएकोमा कार्यालयले राइजिंग युथ नेपालसंग सम्झौता गरी रु १५५३७५।०० भुक्तानी गरेकोमा सो संस्थाले उल्लेखित काम कर्तव्य र भूमिकाबमोजिम आवश्यक कागजात पेश नगरी भुक्तानी लिएको देखिन्छ । यसरी भुक्तानी लिने परिपाटीमा सुधार हुनुपर्दछ । | |
| ८१. | **सेवक नेपाल :** खुला दिशामुक्त कार्यक्रम संचालन गर्न सेवक नेपालबाट सिमेन्ट, पाइप, रिंग लगायत सामग्री खरिद गरेको भनी रु ३१९७९६।०० को बिल भरपाई पेश गरी भुक्तानी दिएकोमा सो सामग्रीको मौज्दात र वितरणको अवस्थाको प्रमाण राख्नुपर्ने देखिन्छ । | |
| ८२. | **व्यक्तिगत रुपमा खर्च बुझेको :** कार्यालयले टेडयुनियन महासंघको कार्यक्रमलाइ सहयोग भनी रु ५००००।०० सहायता उपलब्ध गराएको देखिन्छ । असम्बन्धीत कार्यक्रममा कार्यालयले | |

| | | |
|---|---|---|
| | सहायता उपलब्ध गराएकोमा सो सहायता उक्त संस्थाको आधिकारिक खातामा नगइ नगरपालिकाका वडा अध्यक्ष कृष्णराज जोशीले व्यक्तिगत रुपमा बुझेको देखिएकोले सो रकम संस्थाले प्राप्त गरेको हो होइन एकिन गर्न नसकिने भएकोले सो रकम सोही मितिमा टेडयुनियन महासंघको खातामा गएको प्रमाण पेश गर्नुपर्ने अन्यथा व्यक्तिगत रुपमा लिएको रकम असुल उपर गर्नुपर्ने रु | ५००००।०० |
| ८३. | **भौ.नं. १८६९, ०७५।०३।२५** नगरपालिकाले विपद जोखिम नक्सांकन कार्यको लागि समाज विकासमा गतिशिलता नामक संस्थासंग सम्झौता गरी रु १९९५५८।०० रकम भुक्तानी गरेको देखिन्छ । नगरपालिकाले गरेको सम्झौताको बुंदा नं. १८ मा सो संस्थाले कार्यक्रमको प्रगति प्रगतीप्रतिवेदन, सहभागी हाजिरी, प्रशिक्षक हाजिरी, परीक्षण रिपोर्ट पेश गर्ने र कार्यक्रम अर्थमन्त्रालयको नर्म्स बमोजिमा हुने भनिएकोमा संस्थाले प्रतिवेदन र बिल मात्र उपलब्ध गराइ भुक्तानी लिएको देखिन्छ । सम्झौता बमोजिम सहभागी हाजिरी, प्रशिक्षक हाजिरी र अर्थमन्त्रालयको नर्म्सबमोजिम को कार्यक्रमको लागन अनुमान सहितको प्रमाण पेश नभएकोले प्रमाण कागजात पेश गर्नुपर्ने रु | १९९५५८।०० |
| ८४. | **चालु खर्च स्थानीय तह (८०१३४५३) पदाधिकारी पारिश्रमिक र सुविधा खर्चः** यो स्थानीय तहमा कार्यपालिकामा मेयर,उपमेयर समेत २२ जना तथा ६५ जना परिषदका सदस्य रहेका छन । यो बर्ष सवारी साधन मर्मत तथा गाडीभाडा बाहेक पदाधिकारी एवं कर्मचारीको पारिश्रमीक सुविधा, बैठक भत्ता लगायतका देहाय बमोजिम खर्च भएको विवरण प्राप्त भएको छ । | |

| खर्चको विवरण | दर | खर्च रकम रु. |
|---|---|---|
| पारिश्रमीक | विभिन्न | ७८३६००० |
| पदाधिकारी बैठक भत्ता | १५००।०० | ३५५३६०० |
| पदाधिकारी अन्य सुविधा (संचार) | दर अनुसार | १३८००० |
| पदाधिकारी इन्धन खर्च (प्रमुख र उपप्रमुख बाहेक केन्द्रबाट दिएकोमात्र) | | १७०७९७ |
| **जम्मा** | | **११६९८३९७** |

| | | |
|---|---|---|
| ८५. | **विविध खर्च :** यो बर्ष कुल आन्तरिक आय रु. २५६०२२०७६७ रहेको छ । यो बर्ष यस कार्यालयको विविध खर्च रु. २९६६७६१।५८ देखिन्छ । यस प्रकार आन्तरिक आयको ११।५९ प्रतिशत रकम विविध खर्चमा गरेको देखिन्छ । यसरी औचित्य नखुलाई विविध खर्च भनि रकम विनियोजन र खर्च गरेको मनासिव देखिएन । | |
| ८६. | **अन्य भत्ता खर्च :** यो वर्ष अन्य भत्ता बापत निम्नानुसार खर्च भएको छ । कार्यका लागि अन्य भत्ता भनी पटक पटक खर्च गरेको मनासिब देखिएन । | |

| खर्च शिर्षक | भत्ताको नाम | खर्च रकम रु. |
|---|---|---|
| आन्तरिक श्रोत | अन्य भत्ता | २६२९८३२।३० |
| स्थानीय तह | अन्य भत्ता | १५८९३२३।१० |
| **जम्मा** | | **४२१९१५५।४०** |

| | | |
|---|---|---|
| ८७. | कार्यालयले बैंक हिसाब मिलान विवरण मासिक रुपमा नै गर्नुपर्दछ । कार्यालयले संचालन गरेको देहाय अनुसारको खातामा देहाय बमोजिम मौज्दात रहेको देखिन्छ । तर कार्यालयले बैंक हिसाब मिलान मासिकरुपमा गरेको छैन । वर्षको अन्तमा नमिलेको रकम एकमुष्ट रुपमा उल्लेख गरी बैंक हिसाब मिलान भएतापनि भुक्तानी गरेको चेकको विवरण खुल्ने गरी बैंक हिसाब मिलान विवरण तयार नगरेको हुंदा मासिक रुपमा बैंक हिसाब मिलान तयार गर्नुपर्ने देखिन्छ । बैंक र कार्यालयको खातामा देहायअनुसारको ६ वटा खातामा फरक परेको रकम एकिन गर्नुपर्ने देखिन्छ । | |

| सि. नं. | बैङ्क खाताको नाम | वैंक खाता नं. | खाता रहेको बैङ्क र ठेगाना | ०७५ अषाढ मसान्तमा | | | फरक हुनाको कारण |
|---|---|---|---|---|---|---|---|
| | | | | श्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क अनुसार मौज्दात रु. | फरक रकम रु. | |
| १ | चालु खर्च नगरपालिका | ७१४१४९ ८६२२५२ ४००३ ग | एन आई सि एसिया बैंक लि. अत्तरिया शाखा | ०.०० | ८६०९०५७ ८.६० | – ८६०९०५७ | भूक्तानी बाँकि चेक |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २-१ | | | | ८.६० | |
| २ | पूजिगत खर्च नगरपालिका | ७१४१४९ ८६२२५२ ४००२ ग २-२ | एन आई सि एसिया बैंक लि. अत्तरिया शाखा | ०.०० | ५९३०७७.०० | -५९३०७७.०० | भूक्तानी बाँकि चेक |
| ३ | संचित कोष | ७१४१४९ ८६२२५२ ४००४ ग-४ | एन आई सि एसिया बैंक लि. अत्तरिया शाखा | ९६८४ ९४७२. ७५ | २८३५६१३७ .७४ | ६८४९३३३५ .०१ | जम्मा र भूक्तानी बाँकि चेक |
| ५ | चालु खर्च शहरी विकास आयोजना | ७१४११४९ ८६२२५२ ४०१ ग २-१ | एन आई सि एसिया बैंक लि. अत्तरिया शाखा | ०.०० | ८०८५०१.०० | -८०८५०१.०० | भूक्तानी बाँकि चेक |
| ६ | पूजिगत खर्च शहरी विकास आयोजना | ७१४११४९ ८६२२५२ ४०२ ग २-२ | एन आई सि एसिया बैंक लि. अत्तरिया शाखा | ०.०० | १९१६३९५.०० | -१९१६३९५.०० | भूक्तानी बाँकि चेक |

८८. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा सोझै खरिद गर्ने सम्बन्धी व्यवस्था छ । तर कार्यालयले कार्यालय सामान, औषधी लगायतका मालसामान सोझै खरिद गर्दा उक्त नियममा भएको व्यवस्थाको परिपालना गरेको पाइएन । सार्वजनिक खरिद नियमावली अनुसार मालसामानको स्पेसिफिकिसेन बमोजिम लागत अनुमान तयार गर्ने, दररेट माग गर्दा लिखित रुपमा कम्तिमा तिनवटा आपूर्तिकर्ताबाट माग गर्ने, न्यूनतम कबोल गर्ने आपूर्तिकर्ताबाट खरिद गर्ने र सामानको प्राप्ति पछी स्पेसिफिकेसन बमोजिम आए नआएको एकिन गरेर मात्र रकम भुक्तानी गर्नुपर्नेमा सो गरेको पाइएन । उल्लेखित कमजोरीमा सुधार हुनुपर्दछ । त्यस्तो खरिदका केही उदाहरण निम्न छन् :

| **भौ नं.** | **मिति** | **कामको नाम** | **भुक्तानी पाउनेको काम** | **पान नं.** | **लागत अनुमान रु.** | **भुक्तानी रकम रु.** | **मु.अ.कर रकम रु.** |
|---|---|---|---|---|---|---|---|
| १२६ | २०७४।६।२७ | मोटरसाइकल खरिद १ थान | कुमारी ट्रेडर्स, धनगढी | ३०२५३३० २४ | ० | २५४३१० | २८७४९ |
| १६२ | २०७४।७।१५ | „ „ २ थान | दिनेश अटोमोटिभ्स | ३०००० २१ २४ | | ४९८८० ० | ५७३८४ |
| १८७ | २०७४।७।२४ | „ „ २ थान | स्वेटा ट्रेडिङ कन्सर्न | ३०१५०७७ ७० | | ४४९४० ० | ५१७०० |
| २०८ | २०७४।८।३ | सर्भे उपकरण खरिद | हाउस इन्टरप्राइजेज (पे.फ.) | ३०१२१५२ ७३ | | २०५८८ ६ | २३६८६ |
| २३६ | २०७४।८।२७ | नगरपालिका कोठाहरुमा अल्मुनियम पार्टेसन कार्य | न्यू श्री एस के सप्लायर्स एण्ड हार्डवेयर | ३०३३३७२ ९० | ४७४१ ७४।८ ६ | ५००७० | ५७०७० |
| २४९ | २०७४।८।२८ | वडा नं. ५ मा कान्जी हाउस निर्माण | त्रिपुरा निर्माण सेवा | ३००५०८३ ६५ | २९४७ ६१।२३ | २९४१२ ८ | ३३८३७ |

८९. **खुलादिशा मुक्त कार्यक्रमतर्फ :-** गो.भौ.नं. ३३९-२०७४।९।२२ :- यो बर्ष खुला दिशामुक्त कार्यक्रमको लागि चाँदनी सप्लायर्स एण्ड सिमेन्ट टायल उद्योग, आरती सिमेन्ट पिलर उद्योग एवं चौधरी सिमेनट टायल तथा रिङ उद्योगलाई रु. ६९००००। भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

क) कुल रु. ८१८००० को बिल स्रेस्ता साथ पेश भएको छ । प्रति टवाइलेट रिङ र ढकनी

| | | |
|---|---|---|
| | आरती सिमेन्ट पिल्लर उद्योग र चौधरी सिमेन्ट टायल तथा रिङ उद्योग बाट प्रति थान रु. ८५० ले ६८० थानको रु. ५७८००० खरिद भएको देखिन्छ भने २४० थानको चाँदनी सप्लायर्स एण्ड सिमेन्ट टायल उद्योग बाट खरिद गर्दा प्रतिथान रु. १००० का दरले २४०००० भूक्तानी भएको छ । यसरी एउटै सामाग्री फरक मूल्यमा खरिद गर्नु पर्नाको कारण खुलेको छैन ।<br>ख) प्रत्यक्ष खरिद विधि मार्फत सार्वजनिक खरिद नियमावली विपरित हुने गरी ६९०००० को सिमेन्ट को सिमेन्ट टवाइलेट रिङ र सिमेन्ट टवाइलेट ढक्कन खरिद गरेकोमा जिन्सी खातामा आम्दानी बांधेता पनि उक्त सामान वितरण भएको भनिएकोमा कुन कुन व्यक्तिलाई वितरण गरिएको हो सो खुलेको भरपाई पेश नभएको र खरिद विधि पालना नभएकोले २४० थानको बढी लागत रु. १५० का दरले हुने रु. ३६००० असुल गर्नुपर्ने र मूल्य अभिबृद्धि कर नियमावली विपरित मूल्य अभिबृद्धिकर लाग्ने कारोबारको बील पेश नभएको अवस्थामा भूक्तानी दिएकोले समेत बाट रु. ३६००० असुल गरी सार्वजनिक खरिद विधि विपरितको खर्च नियमित गर्नुपर्ने रु | ६९००००।०० |
| ९०. | **राजश्व तर्फ :-**यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :<br>क) राजश्व तर्फ शिर्षकगत दर नगरपरिषदबाट तोकेको छ । बजेट साथ पेश भएको यस नगरपालिका आर्थिक ऐनमा समेत दर निर्धारण गरिएको छ । त्यसै अनुरुप राजश्व असुल हुनु पर्दछ । असुल भएपछि शिर्षकगत रुपमा आम्दानी बाँधी शिर्षकगत लक्ष्य प्राप्त भए नभएको मूल्याकंन गरि बार्षीक प्रतिवेदन समावेश हुनुपर्दछ । कूल राजश्व रु.२५०००००० असुल गर्ने लक्ष्य भएकोमा रु.२५६०२२०७।०० राजश्व असुल भएको विवरण पेश भएको छ । आम्दानीको गोश्वरा भौचर उठाउँदा शिर्षकगत आम्दानी नबाँधेको अवस्थाले कुन शिर्षकमा कति आम्दानी भएको हो एकिन हुन सकेन<br>ख) यो बर्ष आ.व. २०७१।०७२ देखि संचालन गरेको सांग्रिला नामको राजश्व सफ्टवेयर मिति २०७५।२।३१ देखि परिवर्तन गरि सफ्ट इन्फो नामको सफ्टवेयर जडान गरिएको छ । तर साँग्रिला नामको सफ्टवेयर आर्थिक बर्षको बिचमा नै विस्थापन गर्नुपर्नाको स्पष्ट कारण वेगर परिवर्तन गरेको देखिन्छ । दुवै सफ्टवेयरको आम्दानी गणना गर्दा कुल रु. २०६२८१२६।७७ रकम आम्दानी देखिन्छ । तर कार्यालयले रु. रु.२,५६,०२,२०७।०० आम्दानी देखाएकोले रु. ४९,७४,०८०।२३ आम्दानी फरक पर्नाको कारण खोजी गरी सम्पूर्ण आम्दानी सफ्टवेयर मा आवद्ध हुने हिसाबले प्रतिवेदन पेश गर्नुपर्ने तर्फ तत्काल ध्यान जानुपर्दछ । | |
| ९१. | **कानुन तथा विधि निर्देशिका निर्माण नगरेको :** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट प्राप्त नमून कानून तथा विधि मध्ये यस नगरपालिकाले तयार गर्न नसकेका कानूनहरु देहायबमोजिम रहेका छन् । आवश्यक कानून तथा कार्यविधि एवं निर्देशिका तयार गर्ने र तिनको कार्यान्वयन तर्फ ध्यान पुऱ्याउनु पर्दछ ।<br>१. नगरपालिकाको आपतकालिन कार्य संचालन विधि<br>२. स्थानीय विमा व्यवस्थापन कोष संचालन कार्यविधि<br>३. स्थानीय उर्जा विकास सम्बन्धि निर्देशिका<br>४. गरिबि निवारणका लागी लघु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि<br>५. स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि<br>६. एफ.एम.रेडियो व्यवस्थापन तथा संचालन कार्यविधि<br>७. शिक्षा नियमावली<br>८. बजार अनुगमन निर्देशिका<br>९. स्थानीय तहको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन<br>१०. स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन व्यवस्थापन सम्बन्धि कार्यविधि<br>११. एकिकृत सम्पत्तिकर व्यवस्थापन कार्यविधि | |
| ९२. | **गत बर्षको दरमा यो बर्ष खरिद** :- कार्यपालिकाको मिति २०७४।३।२३ गतेको निर्णय बमोजिम यो बर्ष बर्षातको समयमा डुबान कटान रोक्न भनि गत बर्षकै दरमा खरिद गर्ने उल्लेख छ । तर सो कुन मिति सम्मको लागि लागु हुने उल्लेख छैन । तर यस कार्यालयले सो व्यहोरा २०७४।०७५ को भाद्र सम्म पनि लागु भएको भनि रु. ३४९८२५४। प्रतिस्पर्धा बेगर सेती ह्युम पाइप उद्योगलाई भुक्तानी दिएको नियमित नदेखिएको रु | ३४,९८,२५४।०० |

<table>
<tr><td></td><td>

| भौ.नं. | मिति | मुख्य खरिदको नाम | भुक्तानी |
|---|---|---|---|
| १०७ स्थानीय तह | २०७४।६।२० | ह्युमपाइप तथा विद्युत पोल खरिद | १७४४३४७।०० |
| ४ चालु केन्द्रिय | २०७४।०५।२१ | ह्युमपाइप तथा विद्युत पोल खरिद | १७५३९०७।०० |
| कुल जम्मा | | | ३४९८२५४।०० |

</td><td></td></tr>
<tr><td>९३.</td><td>सर्भे भन्दा अगाडिको निर्माण कार्य:-<br>कोलमुडा नायल सडकमा लिएको गौडा अगाडी देखि ८४० मिटर नयाँ ट्र्याक निर्माण बापत कोलमुडा नाइल कृषि सडक निर्माण उपभोक्ता समितिलाई २ वटा गोश्वारा भौचरबाट भूक्तानी दिएकोमा देहायका व्यहोरा देखिएका छन :<br>क) साविक जिल्ला विकास समितिले निर्माण गरेको सडकमा यो बर्ष रकम विनियोजन गर्दा साविकमा निर्माण भएको तथ्थाङक बेगर कार्यक्रम तथा बजेट विनियोजन र खर्च गरेको मनासिव देखिएन ।<br>ख) कुल लागत रु. १४,४१,२२,२६१।८७ (भ्याट बाहेक) बायो इन्जिनियरिङ समेत पिच गर्ने कार्य रहेको देखिन्छ । यो बर्ष प्रति कि.मि. लागत रु. ८१७९००५।८४ चौडाइ ४ मिटर रहेको नयां ट्याक खोल्न रु २० लाख विनियोजन गरी सार्वजनिक खर्च नियमावली २०६४ को नियम ९७ विपरित उपभोक्ता मार्फत कार्य गराएको मनासिब देखिएन ।<br>ग) सर्भे प्रतिवेदनमा प्रति २० मिटरमा मेजरमेन्ट गरिएकोमा नापी किताबमा प्रति ३० मिटरमा मेजरमेन्ट गरिएकोले माटो ढूंगा खन्ने कार्यको वास्तविक परिमाण एकिन गर्न सकिएन । साथै लागत अनुमान तयार गर्दा लिएको गौडा अगाडी देखि भनि ०+००० चेनेज उल्लेख गरिएकोमा सर्भे प्रतिवेदनमा सो व्यहोरा खुल्ने आधार देखिएन । यस्तो अवस्थामा आवश्यक ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>शर्शत अनुदान शिक्षा तर्फ</td><td></td></tr>
<tr><td>९४.</td><td>विद्यालयगत निकासा खाता :आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४५ बमोजिम अधिकार प्राप्त अधिकारीले आय व्यय ठिकसँग छ भएको भन्ने कुरामा विश्वस्त हुन कुनै पनि काम अनावश्यक रुपमा दोहोरो हुने गरी विभिन्न कर्मचारी वा निकायबाट गरिएको छैन र तिनिहरुको पालना गरिएको छ भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले विद्यालयहरुलाई तबल भत्ता लगायतका चौमासिक निकासा दिदा सो को अभिलेख खातामा चढाउने गरेको देखिएन । जसले गर्दा सबै विधालयको निकासा एककिृत रुपमा भिडान गर्न सक्ने स्थिति रहेन । विद्यालयबाट प्राप्त माग फाराम सम्बन्धीत स्रोत व्यक्ति अथवा विद्यालय निरीक्षकले चेकजाँच गरी हस्ताक्षर नगरेको र त्यस्ता माग फारामहरु खोजेको बखत पाइने गरी व्यवस्थीत तरिकाले राख्ने गरेको पाइएन । विद्यालयहरुले वित्तीय तथा सामाजिक लेखापरीक्षण गर्ने कार्य गरे नगरेको खुल्ने गरी अभिलेख तयार गरेको पाइएन । तसर्थ आन्तरिक नियन्त्रण प्रणालीलाई विश्वसनीय एवं भरपर्दो बनाउन विद्यालयहरुको चौमासिक निकासाको विद्यालयगत अभिलेख खाता राख्नुपर्ने साथै अभिलेख व्यवस्थीत नगर्ने सम्बन्धीत अधिकारीलाई कानून बमोजिम जिम्मेवार बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९५.</td><td>बढी निकासा : शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।०७५ मा प्राविधिक धार सञ्चालन भएका विद्यालयहरुमा प्रशिक्षक तथा सहायक प्रशिक्षकहरुलाई मासिक तलबको अतिरिक्त प्राविधिक भत्ताबापत १० महिनाको रु ३०००।०० का दरले भुक्तानी दिने व्यवस्था छ । तर कार्यालयले दुर्गालक्ष्मी उच्च मावि अत्तरियामा कार्यरत प्रशिक्षक तथा सहायक प्रशिक्षक ६ जनालाई मासिक रु ३००० का दरले १२ महिनाको भत्ता भुक्तानी दिएको देखिएकोले २ महिनाको बढी निकासा भएको रु ३६०००।०० सम्बन्धीतबाट असुल गर्नुपर्ने रु</td><td>३६,०००.००</td></tr>
<tr><td>९६.</td><td>स्रोत व्यक्ति राम प्रसाद फुलारालाई कात्तिक महिनाको तलब भुक्तानी गर्दा ग्रेड बापत कर्मचारी सञ्चय कोष थप सहित २८४३।३९ बढी भुक्तानी भएकोले बढी रकम असुल गर्नुपर्ने रु</td><td>२८४३.३९</td></tr>
<tr><td>९७.</td><td>नवदुर्गा प्रा.वि अत्तरियामा एक शिक्षक मिति २०७४।१२।५ मा नियुक्त भएको भनी माग फाराममा उल्लेख भएपनि २०७४।१२।१ गते देखिकै तलब भत्ता भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु ३८६१.६७ सम्बन्धीतबाट असुल गर्ने रु</td><td>३८६१.६७</td></tr>
<tr><td>९८.</td><td>विद्यालय क्षेत्र विकास कार्यक्रम : यस कार्यक्रम अन्तर्गत कार्यालयले नगरपालिका अन्तर्गतका</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | ५४ वटा विद्यालयहरुलाई विभिन्न कार्यक्रमको लागि भनी रकम निकासा गर्ने गरेको छ। तर कार्यालयले शिक्षा समन्वय इकाई कैलालीले तयार गरेको Flash Report २०७४ लेखापरीक्षणको लागि उपलब्ध भएन । कार्यालयले तयार गर्नुपर्ने तथ्याकं लेखापरीक्षणको क्रममा पेश नहुदा निकासाको यथार्थता परीक्षण हुन नसक्ने भएकोले समयमै यथार्थ तथ्याकं तयार गरी प्रमाणीत गरि राख्नुपर्दछ। | |
| ९९. | **विद्यालय कर्मचारी :** कार्यक्रम कार्यान्वयन निर्देशिका ०७४।०७५ को कम्पोनेन्ट नं. २.१५.११ मा विद्यालय कर्मचारीका लागि निकासा दिनु अगाडि नै सबै विद्यालय कर्मचारीको अभिलेख स्थानीय तहको कार्यालयमा राख्ने र विद्यालय कर्मचारीको लागि तोकिएका आधार एवं मापदण्डका आधारमा अनुदान निर्धारण गर्ने तथा अनुदान प्राप्त गर्ने विद्यालय संख्या, विद्यालयमा उपलब्ध विद्यालय कर्मचारी संख्या तथा रकम बुझेको भरपाई समेतलाई सूचक मानी अनुगमन सूचक तोकेको छ । कार्यालयले यो वर्ष विद्यालय कर्मचारीहरुको लागि रु ६८,९५,५००।०० निकासा दिएको छ । यसरी अभिलेख तयार गरेर कर्मचारी यकिन नगरी निकासा दिएको कारण कर्मचारी नभएको विद्यालयलाई समेत निकासा हुन सक्दछ । तसर्थ कार्यालयले विद्यालयगत रुपमा कर्मचारीहरुको नामनामेसी सहितको विवरण तयार गरेर मात्र रकम निकासा दिनुपर्दछ । नगरपालिका अन्तर्गत ५४ विद्यालयहरुमा कार्यक्रम कार्यान्वयन निर्देशिका २०७४।०७५ मा विद्यालयहरुको लागि तोकिएको संख्या र दरको आधारमा कुल रु ६८,४४,५००।०० निकासा दिनुपर्नेमा रु ६८,९५,५०० निकासा दिएको देखिएकोले बढी निकासा रु ५१०००।०० सम्बन्धीतबाट असुल गर्नुपर्ने रु | ५१,०००.०० |
| १००. | **निरन्तर विद्यार्थी मूल्यांकन :** कार्यालयले गो.भौ.नं. ४८४ मिति ०७५।१०।२१ बाट निरन्तर मूल्याकंन कार्यक्रमको लागि कक्षा १ मा नर्या भर्ना भएका विद्यार्थीको लागि कार्यालयले तयार गरेको तथ्याकं अनुरुप रु १,४५,५००।०० निकासा दिएको पाइयो । यसरी रकम निकासा दिदा कार्यालयले नयाँ भर्ना भएका विद्यार्थी संख्या एकिन नगरी २०७४ सालकै तथ्याकंलाई आधार मानी रकम निकासा दिएको पाइयो । यसरी निकासा दिनु उचित देखिएन । उक्त निकासा २०७५ मा नयाँ भर्ना भएका विद्यार्थी संख्या अनुरुप सहि भए नभएको एकिन गरी प्रमाणीत तथ्याकं खुल्ने प्रमाण पेश गर्नुपर्ने रु | १४५५००.०० |
| १०१. | **निःशुल्क पाठ्यपुस्तक :** कार्यालयले नगरपालिकामा रहेका ५५ वटा विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तकबापत गो.भौ.नं. ६४६ मिति ०७४।११।२३ मा एकमुष्ठ रु ४७,९९,९११।५१ निकासा निकासा गरेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।०७५ को कम्पोनेन्ट नं. २.१५.११ मा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याकं संकलन गर्ने, एकिन संख्याका आधारमा दोस्रो चौमासिकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र निकासा दिने र बाँकी २५ प्रतिशत रकम २०७५ बैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्ना भएको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा नपुग हुने रकम मात्र थप निकासा दिने व्यवस्था छ। कार्यालयले तयार गरेको २०७४ सालको तथ्याकंको आधारमा मात्र निशुल्क पाठ्यपुस्तकमा कुल रु ५९,६४,१५५।०० निकासा जानुपर्ने देखिन्छ । तर उक्त निकासा पछि पाठ्यपुस्तकमा कार्यालयले थप निकासा गरेको पाइएन । यसबाट विद्यालयलाई नपुग भएको हो वा गलत तथ्याकंको आधारमा निकासा दिएको हो एकिन भएन । कार्यालयले विद्यार्थीको यथार्थ तथ्याकंको आधारमा सबै विद्यार्थीहरुलाई तोकिएको दर अनुसार पाठ्यपुस्तक बापतको रकम निकासा गर्नुपर्दछ। | |
| १०२. | **छात्रवृत्तिको अनुदान :–** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४/७५ छात्रवृत्ति वितरण गर्न जिल्ला छात्रवृत्ति व्यवस्थापन समिति गठन गर्नुपर्ने, समितिले जिल्लामा प्राप्त कोटा र रकम समेतलाई ध्यानमा राखी छात्रवृत्ति वितरण सम्वन्धी नीति तयार गर्ने, विद्यालय खुलेको दिनमा कम्तिमा ८० प्रतिशत हाजिर भएका छात्रछात्रालाई दोहोरो नपर्ने गरी अभिभावकको रोहबरमा वितरण गरी र वितरणको नाम नामेसी सहितको विवरण कार्यालयमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले छात्रवृत्ति वितरण भएका छात्रछात्रालाई निर्देशिकाले तोकेबमोजिम बितरण भए नभएको एकिन विवरण प्राप्त नगरी र संख्या, प्रकार समेत नखुलाई एकमुष्ठ रु ३७,८८,२००।०० छात्रवृत्ति वितरण गर्न विद्यालयहरुलाई रकम निकासा दिएको छ । यसरी निकासा दिएकोमध्ये केही छात्रवृत्तिको संख्या र रकम निम्नानुसार देखिएको छ । तसर्थ सम्बन्धीत विद्यार्थीले रकम प्राप्त गरे नगरेको सम्बन्धमा कार्यालयबाट अनुगमन हुनुपर्दछ। | |

| | | |
|---|---|---|
| १०३. | **संस्थागत विद्यालय अनुगमन :** कार्यालयले नगरपालिका भित्र ३६ वटा निजी विद्यालयहरु सञ्चालनमा रहेको जानकारी प्राप्त भएपनि सञ्चालित निजी विद्यालयहरुको अनुगमन गरेको पाइएन । निजी विद्यालयहरुको दर्ता, अनुमती तथा पढाइको स्थिति जस्ता विषयमा कार्यालय अनभिज्ञ रहेको पाइयो । त्यस्ता विद्यालयहरु कानूनतः दक्षतापूर्वक सञ्चालन भए नभएको सम्बन्धमा कार्यालयले समय समयमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| | **सर्शत अनुदान (स्वास्थ्य तर्फ) :** | |
| १०४. | **आर्थिक विवरण :** कार्यालयले सफटवेयर मार्फत बैंक नगदी किताब तयार गरेको भने तापति त्यस्तो बैंक नगदी किताब तोकिएको ढाँचा अनुरुप भएको पाइएन । बिषयतग रुपमा प्राप्ती र भुक्तानीको विवरण प्रष्ट हुने गरी अभिलेख राखेको पाइएन । खर्च लेख्दा आर्थिक संकेत तथा बर्गीकरण अनुरुप हुने गरी खर्च लेखेको पाइएन । आर्थिक संकेत तथा बर्गीकरण नमिल्दा कुन शिर्षकमा कति खर्च भयो एकिन हुने अवस्था हुने देखिएन । कार्यालयले उल्लेखित कमजोरीमा सुधार गर्दै तोकिएको खर्च शिर्षक अनुसार खर्च लेख्नुपर्दछ । | |
| १०५. | **आमा सुरक्षा कार्यक्रम :** कार्यालयले आमा सुरक्षा कार्यक्रम अन्तर्गत नगरपालिका अन्तर्गत के कती महिला सुत्केरी भए भन्ने सम्बन्धमा एकिकृत तथ्याकं तयार गरेको पाइएन । गोश्वारा भौचरबाट भुक्तानी भएको तथ्याकं अनुसार प्रति सुत्केरी इकाइ मूल्य अनुदानबापत सामान्य शल्यक्रिया बापत प्रति सुत्केरी रु १००० का दरले र जटिल शल्यक्रियाको लागि प्रति सुत्केरी रु ३००० का दरले सम्बन्धित स्वास्थ्य संस्थाहरुलाई कुल रु ७५९०००।०० रकम उपलब्ध गराएकोमा त्यस्तो रकम सम्बन्धित संस्थाको खातामा राखेको वा सम्बन्धित कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप बितरण गरेको प्रमाण पेश हुन आएन । तसर्थ निर्देशिकाले तोकेबमोजिम उक्त रकम बितरण गरे नगरेको सम्बन्धमा एकिन गर्नुपर्दछ । | |
| १०६. | **अन कल ड्युटी भत्ता :** कार्यालयले मालाखेती अस्पतालको लागि तयार गरेको छुट्टै गोश्वारा भौचर नं ४ मिति २०७४।१०।२८ मा अतिरिक्त समय काम गरेको भनी तिनजना डाक्टरलाई रु २,०६,३५८।०० भत्ता बापत खर्च लेखेको थियो । अतिरिक्त समयबापत काम गरको भनी खर्च लेख्दा समयानुसार कामको परिभाषा र मापन गरिनुपर्दछ । तर समयावधि एकिन हुने मापनयोग्य इकाइको उल्लेख नगरी एकमुष्ठ दिन संख्या उल्लेख गरी भत्ता दाबी गरेको र सोही अनुसार भत्ता भुक्तानी दिएको पाइयो । यसरी खर्च लेख्न मिल्ने आधार लेखापरीक्षणको क्रममा पेश नभएकोले कार्य सम्पादनको आधारमा मात्र सुविधा दिने परिपाटीको बिकास गर्नुपर्दछ । | |
| १०७. | **करार कर्मचारी :** कार्यालयले गो.भौ.नं. १६९७ मिति २०७५।३।१५ बाट शहरी स्वास्थ्य केन्द्रमा कार्यरत ३ अहेव, २ अनमी र २ कार्यालय सहयोगी गरी ७ जना करार कर्मचारीहरुलाई मिति २०७४ चैत्र देखि २०७५ असार सम्मको तलबी बापत रु ३२००००।०० खर्च लेखेको पाइयो । करार नियुक्ति सम्बन्धी प्रक्रिया सम्बन्धी कागजात पेश नभएकोले नियुक्ति प्रक्रियाको बिश्लेषण गर्न सकिएन । त्यस्तै गो.भौ.नं. २००७ मिति २०७५।३।२८ बाट व्यवस्थापत समितिले निर्णय गरेको भनी एक स्वास्थ्य चौकीमा करारमा कार्यालय सहायोगी करार नियुक्ति गरी रु ३२२०० तलब बापत उपलब्ध गराएको पाइयो । करार नियुक्ती गर्दा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आवश्यकता एकिन गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम प्रतिस्पर्धात्मक तरिकाले छनौट गरी नियुक्ति गर्नुपर्दछ । | |
| १०८. | **पारिश्रमिक कर :** मेडिकल रेकर्डर हे.अ. प्रकाश घिमिरेलाई मासिक रु ६०००।०० का दरले रु ३६०००।०० भुक्तानी दिएकोमा आयकर ऐन २०५८ बमोजिम १५ प्रतिशतले हुन आउने रकम रु ५४०० कर कट्टि नगरेकोले असुल गर्नुपर्ने रु | ५४००.०० |
| १०९. | **ओपिडी टिकट छपाई :** कार्यालयले गो.भौ.नं. १७७९ मिति २०७५।३।२१ बाट महामाया स्क्रिन प्रिन्ट हसनपुर बाट ओपिडि टिकट छपाई गरे बापत प्रति ठेली मू.अ.कर सहित रु २८२।५० मा ७०५ ठेली छपाई गरेको थियो । तर गो.भौ.नं. १७१४ मिति २०७५।३।१५ बाट मू.अ.कर सहित प्रति ठेली रु २२६।०० मा छपाई गरेको पाइयो । यसरी केही दिनको अन्तरालमा फरक फरक फर्मबाट सोझै खरिद गर्दा दर फरक फरक रहेको पाइयो । गो.भौ.नं. १७७९ बाट छपाई हुदा प्रति ठेली रु ५६.५० को दरले ७०५ ठेलीको रु ३९,८३२.५० बढी खर्च लेखेको पाइयो । बढी खर्च लेखी व्ययभार पारेकोले खर्च रकम नियमसँगत नदेखिएको रु | ३९,८३२.५० |

<table>
<tr>
<td>११०.</td>
<td>औषधी खरिद : कार्यालयले शिलबन्दी दरभाउपत्रको माध्यमद्धारा औषधी खरिद गरी ड्रग सेन्टरलाई रु ११,७६,२१२।०० भुक्तानी गरेको थियो । त्यस्तै कार्यालयले सोभै खरिद गरी सोही भौचरबाट डि.बि.मेडिसिन सेन्टरलाई रु ३६९१६५।२७ भुक्तानी दिएको थियो । त्यस्तै वित्तीय समानीकरण अन्तर्गत यशोधा फार्मेसीबाट ७ प्रकारका औषधी रु ४,२२,३३१।६० मा खरिद गरी एउटै प्याकेजबाट प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्नुपर्नेमा नगरेको पाइयो । शिलबन्दी दरभाउपत्र र सोभै खरिद हुदाका ५ प्रकारका औषधी नमूना छनौट गरी दर भिडान गर्दा देहायअनुसारको फरक रहेको पाइयो । सोभै खरिद गरी बढी व्ययभार पारेकोले खर्च रकम नियमित नदेखिएको रु
<table>
<tr><th>सि. नं.</th><th>औषधीको प्रकार</th><th>शिलबन्दीको दर प्रति इकाइ</th><th>सोभै खरिदको दर</th><th>सोभै खरिद परिमाण</th><th>फरक दर</th><th>फरक रकम</th></tr>
<tr><td>१</td><td>Paracetamol syrup</td><td>१३</td><td>३०</td><td>१०००</td><td>१७</td><td>१७०००.००</td></tr>
<tr><td>२</td><td>Paracetamol tab</td><td>०.४५</td><td>०.८८</td><td>४००००</td><td>०.४३</td><td>१७२००.००</td></tr>
<tr><td>३</td><td>Amoxycillin 125 mg</td><td>१.२८</td><td>४.००</td><td>४००</td><td>२.७२</td><td>१०८८.००</td></tr>
<tr><td>४</td><td>Amoxycillin 500 mg</td><td>२.५९</td><td>८.००</td><td>२०००</td><td>५.४१</td><td>१०८२०.००</td></tr>
<tr><td>५</td><td>ciproflaxacine 500 mg</td><td>२.३६</td><td>८.००</td><td>४०००</td><td>५.६४</td><td>२२५६०.००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>६८,६६८.००</td></tr>
</table>
(ख) कार्यालयले मालाखेती अस्पतालको लागि औषधी खरिद बापत रु ८,९३,७६१।६५ भुक्तानी गरेको थियो । औषधी मालाखेती अस्पतालले एक फर्मबाट खरिद गरी बिल पेश गरेको आधारमा कार्यालयले गो.भौ.नं. १९४२ मिति २०७५।३।२१ बाट रु ४,७९,८४०।०० र सोही फर्मबाट खरिद गरेको अर्को बिल पेश गरी गो.भौ.नं. १९७४ मिति २०७५।३।२७ बाट रु ४,१३,९२१।६५ भुक्तानी गरेको पाइयो । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा भएको व्यवस्था बमोजिम एकै फर्म, व्यक्ति वा संस्थाबाट एकैपटक वा पटक पटक गरी रु ५,००,००० भन्दा बढीको सोभै खरिद गर्न नहुनेमा खरिद गरेको तथा सोभै खरिद गर्दा कम्तिमा तिनवटा फर्मबाट लिखित रुपमा दररेट माग गरी सोही आधारमा खरिद गर्नुपर्नेमा खरिद गरेको पाइएन । सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको प्रक्रियाहरु नअपनाई खरिद गरेकोले खर्च रकम नियमित नदेखिएको रु</td>
<td>६८,६६८.००<br>८,९३,७६१.६५</td>
</tr>
<tr>
<td>१११.</td>
<td>नाइट भत्ता : कार्यालयले गो.भौ.नं. १७९४ मिति २०७५।३।२१ बाट ४ वटा स्वास्थ्य संस्थालाई नाइट खाजा खर्च बापत भनी रु २,१९,०००।०० निकासा गरेको थियो । उक्त रकम कुन कुन कर्मचारीहरुलाई कुन दरमा उपलब्ध गराइयो भन्ने खुलेन । अनुदान बितरणको आधार र नाइट ड्युटि भत्ता बितरण गरेको विवरण सहित रकम बुझेको भर्पाई पेश गर्ने रु</td>
<td>२,१९,०००.००</td>
</tr>
<tr>
<td>११२.</td>
<td>कर : कार्यालयले गो.भौ.नं. १९६४ मिति २०७५।३।२७ बाट क्षयरोग सम्बन्धी क्याम्प सञ्चालन गरे बापत रु ५००००।०० पेश्की फछ्र्यौट गर्दा कट्टि भएको अग्रिम कर बापतको रकम रु २३०२।५० संघिय सञ्चित कोषमा दाखिला नगरी नगरपालिकाको सञ्चित कोषमा दाखिला गरेको पाइएकोले उक्त रकम संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु</td>
<td>२३०२.५०</td>
</tr>
<tr>
<td>११३.</td>
<td>वित्तीय जवाफदेहिता : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(१) मा प्रत्येक मन्त्रालय, सचिवालय, संवैधानिक अङ्ग, विभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी वित्तीय जवाफदेहिता बहन गर्नु पर्ने देखिन्छ । कार्यालयको बित्तिय जवाफदेहिताको स्थिति मूल्याङ्कन गर्दा संगठन संरचना तथा कार्यविवरण एवं कार्यजिम्वेवारी स्वीकृत नभएको, आन्तरिक नियन्त्रण प्रणाली स्वीकृत नगरेको, नागरिक वडापत्र तथा सेवा प्रवाहको गुणस्तरीयता</td>
<td></td>
</tr>
</table>

<table>
<tr><td></td><td>अभिबृद्धिको उपाय अवलम्वनमा कमजोर रहेको आदी कारणबाट ग्रेड बी (B) मा पर्न गएको देखिन्छ । अतः वित्तीय जबाफदेहिताका मुख्य पक्षहरु व्यवस्थापकिय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह तथा खरिद व्यबस्थापन र ठेक्का संभौता कार्यान्वयनमा कार्यालयले बिशेष ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>११४.</td><td>बेरुजू - नगरपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार असुल गर्नुपर्ने रु. ३ लाख ७१ हजार, नियमित गर्नुपर्ने रु ५ करोड ८५ लाख ४५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७८ लाख २६ हजार र पेश्की रु २ करोड ४२ लाख १६ हजार समेत रु. ९ करोड ९ लाख ५७ हजार बेरुजू कायम भएकोमा नियमित गर्नुपर्ने तर्फ रु ३५ लाख ५३ हजार समायोजन भई रु ९ करोड ४५ लाख ११ हजार बेरुजु कायम भएको छ ।</td><td></td></tr>
<tr><td>११५.</td><td>अनुगमन तथा मूल्याकंन : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेको छ। सोही ऐनको दफा ८४(२) (घ) बमोजिम बेरुजु फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत बर्षको बेरुजु फछ्र्यौट गरेको देखिएन । गत बर्षको बेरुजु स्थिति निम्नानुसार देखिएको छ :</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>गत वर्षको बेरुजु रकम (रु.) (A)</th><th>यो वर्ष फछ्र्यौट (B)</th><th>बाँकी (C= A-B)</th></tr>
<tr><td>१,२७,९२,०००।००</td><td>०।००</td><td>१,२७,९२,०००।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>११६.</td><td>अद्यावद्यिक बेरुजु स्थिति : गोदावरी नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C)</th><th>यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D)</th><th>यो वर्षको कायम बेरुजु रु. (E)</th><th>बाँकी (F= C+D+E)</th></tr>
<tr><td>१,२७,९२,०००।००</td><td>०</td><td>९,४५,१०,८२२.६६</td><td>१०,७३,०२,८२२.६६</td></tr>
</table></td><td></td></tr>
</table>

**अनुसूचि-१**

# गोदावरी नगरपालिका, कैलाली (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७४।७५

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | कैलाली | गोदावरी | ९० | ३४ | ९४५११ | ० | ० | ० | ९० | ३४ | ९४५११ | ३७१ | ६२०९८ | ७८२६ | ० | ० | ६९९२४ | ० | २४२१६ | २४२१६ |

**अनुसूची- २**

# स्थानीय तह सञ्चित कोष विवरण
## २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको | समानीकरण | सशर्त तथा | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | गोदावरी | कैलाली | २२२६५ | ३७२५०९ | ३१२७११ | ३४१८० | ७१९४०० | ४०५८७२ | २२२८७१ | ७१४० | ६३५८८३ | १०५७८२ |